महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

जीतपुरसिमरा उप महानगरपालिका

बारा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

जीतपुरसिमरा उप महानगरपालिका

बारा



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

जीतपुरसिमरा उप महानगरपालिका

बारा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)
महालेखापरीक्षक

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय मधेश प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ७६

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
जीतपुर सिमरा उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
बारा ।

कैफियत सहितको राय

हामीले जीतपुर सिमरा उपमहानगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. उपमहानगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. १९ करोड ४८ लाख ५५ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ७ करोड ९८ लाख ५० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८ करोड ७ लाख ७३ हजार, नियमित गर्नुपर्ने रु ६८ लाख ७५ हजार र पेश्की रू २ करोड ७३ लाख ५७ हजार रहेको छ । उपमहानगरपालिकाको गतवर्ष सम्म रु ५२ करोड ९५ लाख ९० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ६० करोड ९६ लाख १३ हजार रहेको छ । **उपमहानगरपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. उपमहानगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्कको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(हुमनाथ सुवेदी)
नायब महालेखापरीक्षक

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या			दफा संख्या			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
९५	२६१	१९४८५४	०	०	०	९५	२६१	१९४८५४	७९८५०	६८७५	८०७७३	०	०	८७६४८	२७३५७

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौंट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
जीतपुरसिमरा उपमहानगरपालिका बारा	५२९५९०	०	११४८३२	४१४७५८	०	१९४८५५	६०९६१३

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : जीतपुरसिमरा उप महानगरपालिका, बारा ,

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	चेत कुमार पाेखरेल	२०७७-६-२३	हाल सम्म कार्यरत
लेखा प्रमुख	राजेन्द्र कुमार कार्की	२०७८-३-९	हाल सम्म कार्यरत
		बेरुजु रकम	१९४,८५४,५९८.०२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६६,७३,५४,६६८.५४	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	९०,६६,८०,०००	**चालु खर्च**	७४,६७,३८,०७०.६९
प्रदेश सरकारबाट अनुदान	४,३३,०५,०००	**पूँजीगत खर्च**	६९,८०,९३,७९०.९२
राजश्व बाँडफाँट	१९,९५,३२,९७१	**वित्तीय/अन्य व्यवस्था**	२८,५८,१३,६८४.४९
आन्तरिक आय	१९,६०,२१,०२७		
अन्य आय	४६,१०,९१,४९२.२७		
कुल आय	१,८०,६६,३०,४९०.२७	**कुल खर्च**	१,७३,०६,४५,५४६.१
बाँकी मौज्दात		७४,३३,३९,६१२.७१	

क्रम	भौचर नं.	मिति	बिषय	बेरुजु रकम
१			**परिचय -** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस उपमहानगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस उपमहानगरपालिकाको उद्देश्य रहेको छ । यस उपमहानगरपालिका अन्तर्गत २४ वडा रहेका छन भने क्षेत्रफल ३११.६७ वर्ग किलोमिटर	

रहेको छ ।

२ **लेखापरीक्षण -** यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग छलफल सम्पन्न पछि कायम भएका व्यहोरा निम्नानुसार छन् ।

३ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

प्राप्ती भुक्तानी हिसाव

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्रासि/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्रासि/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		१,९०,२७,११,०६३.०३	१,५५,९७,५६,९७३.७३		१,५५,९७,५६,९७३.७३	१,४२,१०,९५,४५६.२४		१,४२,१०,९५,४५६.२४
क. प्रासि (संचितकोषमा आम्दानी बाँधिने)		१,८६,९०,२९,७३५.००	१,४७,३२,५२,८७३.८१	०	१,४७,३२,५२,८७३.८१	१,३२,३१,७३,८५४.२६	०	१,३२,३१,७३,८५४.२६
११००० कर	११	६४,२५,९४,७३५.००	३७,८५,८७,३५०.२२	०	३७,८५,८७,३५०.२२	३४,५३,५३,१९८.०२	०	३४,५३,५३,१९८.०२
१३००० अनुदान		९५,२०,८५,०००.००	९४,९९,८५,०००.००	०	९४,९९,८५,०००.००	८६,२८,५१,५५०.००	०	८६,२८,५१,५५०.००
संघीय सरकार	१२	९०,८७,८०,०००.००	९०,६६,८०,०००.००	०	९०,६६,८०,०००.००	८२,६२,९५,५५०.००	०	८२,६२,९५,५५०.००
प्रदेश सरकार	१२	४,३३,०५,०००.००	४,३३,०५,०००.००	०	४,३३,०५,०००.००	३,६५,५६,०००.००	०	३,६५,५६,०००.००
१४००० अन्य राजस्व		२६,४३,५०,०००.००	१४,३७,९०,२२३.५९	०	१४,३७,९०,२२३.५९	११,४९,३७,६८६.४१	०	११,४९,३७,६८६.४१
१५००० विविध प्रासि		१,००,००,०००.००	८,९०,३००.००	०	८,९०,३००.००	३१,४१९.८३	०	३१,४१९.८३
ख. अन्य प्रासि		३,३६,८१,३२८.०३	८,६५,०४,०९९.९२		८,६५,०४,०९९.९२	९,७९,२१,६०१.९८		९,७९,२१,६०१.९८
वितरण गर्न बाकी राजस्व		०	४,३५,०००.००	०	४,३५,०००.००	७,४०,३२,८५६.००	०	७,४०,३२,८५६.००
कोषहरु		३,३६,८१,३२८.०३	७,६३,८९,७४७.८१	०	७,६३,८९,७४७.८१	१,२७,२९,२४०.९३	०	१,२७,२९,२४०.९३
धरौटी		०	९६,७९,३५२.११	०	९६,७९,३५२.११	१,११,५९,५०५.०५	०	१,११,५९,५०५.०५
भुक्तानी		२,७६,७५,६६,८००.०	१,४७,१२,३५,५२६.६		१,४७,१२,३५,५२६.६	१,३९,१४,०४,४२१.४		१,३९,१४,०४,४२१.४

(ग+घ)		३	४		४	६		६
ग. भुक्तानी (सञ्चित कोषबाट)		२,७३,३८,८५,४७२.००	१,४४,४८,३१,८६१.६१		१,४४,४८,३१,८६१.६१	१,३८,०३,७९,७१८.४६		१,३८,०३,७९,७१८.४६
२१००० पारिश्रमिक / सुविधा	१८	१७,८१,७३,२६२.००	१३,६६,६९,५६६.६७	०	१३,६६,६९,५६६.६७	३०,०२,४७,०१९.८९	०	३०,०२,४७,०१९.८९
२२००० मालसामान तथा सेवाको उपयोग	१८	४१,७१,६१,२६२.००	२२,३६,८३,८३२.८९	०	२२,३६,८३,८३२.८९	२१,७६,१२,९९१.५२	०	२१,७६,१२,९९१.५२
२५००० सहायता (Subsidy)	१८	४१,१५,२३,०००.००	३४,८९,८७,३३८.१३	०	३४,८९,८७,३३८.१३	१८,२२,३२,१७६.५४	०	१८,२२,३२,१७६.५४
२६००० अनुदान	१८	२२,००,०००.००	३,१२,०००.००	०	३,१२,०००.००	५२,५६,५७१.००	०	५२,५६,५७१.००
२७००० सामाजिक सुरक्षा	१८	६,८२,३३,१२७.००	३,३५,८४,२०८.००	०	३,३५,८४,२०८.००	३,०९,५५,७३४.४७	०	३,०९,५५,७३४.४७
२८००० अन्य खर्च	१८	१०,४२,७२,९५६.००	३५,०१,१२५.००	०	३५,०१,१२५.००	३४,०१,८३५.००	०	३४,०१,८३५.००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१,५५,२३,२१,८६५.००	६९,८०,९३,७९०.९२	०	६९,८०,९३,७९०.९२	६४,०६,७३,३९०.०४	०	६४,०६,७३,३९०.०४
घ. अन्य भूक्तानी		३,३६,८१,३२८.०३	२,६४,०३,६६५.०३		२,६४,०३,६६५.०३	१,३९,१४,०४,४२१.४६		१,३९,१४,०४,४२१.४६
कोषहरु		३,३६,८१,३२८.०३	२,१६,३२,५२७.०३	०	२,१६,३२,५२७.०३	७३,३४,५००.००	०	७३,३४,५००.००
धरौटी		०	५८,११,२७९.००	०	५८,११,२७९.००	३६,९०,२०३.००	०	३६,९०,२०३.००
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			(१०,४०,१४१.००)		(१०,४०,१४१.००)			
ङ. यो वर्षको बचत (न्युन)		(८६,४८,५५,७३७.००)	८,८५,२१,४४७.०९		८,८५,२१,४४७.०९	२,९६,९१,०३४.७८		२,९६,९१,०३४.७८
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			६६,७३,५४,६६८.५४		६६,७३,५४,६६८.५४	८०,६३,४६,७६७.९०		८०,६३,४६,७६७.९०
वर्षान्तको बाकी रकम (ङ + च)		(८६,४८,५५,७३७.००)	७५,५८,७६,११५.६३		७५,५८,७६,११५.६३	८३,६०,३७,८०२.६८		८३,६०,३७,८०२.६८

बैंक तथा नगद बाकी	२४		७४,३३,३९,६१२.७१		७४,३३,३९,६१२.७१	१,४७,५२,८५,०४३.२९		१,४७,५२,८५,०४३.२९

४ **असुली -** लेखापरीक्षणको क्रममा १,०२,७९९ असुली भई दाखिला भएको प्रमाण पेश गरेको छ ।

५ **वित्तीय विवरण परीक्षण (स्थानीय तह)**

५.१ **सर्शत फिर्ता -** उपमहानगरपालिकाको वित्तीय प्रतिवेदन २७२ ले संघीय स्रोत तर्फ फिर्ता गर्नुपर्ने रु ११,४८,७३,९१८ र प्रदेश अनुदान तर्फ फिर्ता गर्नुपर्ने देखाएको रु ४९,१९,२८५ मिति २०७९।८।२८ मा मात्र फिर्ता गरेको पाइयो । फिर्ता गर्न बाँकी अनुदान समयमै फिर्ता गर्नुपर्दछ ।

५.२ **घटी जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा अन्तिम मौज्दात रु. ७६,८३,९६,६७३ रहेको भनी उल्लेख भएकोमा यो वर्षको वित्तीय प्रतिवेदनले शुरु मौज्दात रु ६६,७३,५४,६६८ जिम्मेवारी सारेको देखाएको छ । यसरी मौज्दात रकम रु १०,१०,४२,००५ घटी सारेको सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

५.३ **बैङ्क हिसाव विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाको निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको मा बैंक हिसाब मिलान विवरण म.ले.प.फा.नं २२१ तयार गरेको छैन। पालिकाले मिति २०७९।२।२७ बाट विद्युतिय कोष स्थानान्तरण प्रणाली (Electronic Fund Transfer) लागु गरेको कारण कुल जम्मा फरक नभएको भएतापनि खातागत भिन्नता सम्बन्धमा हिसाब मिलान गर्नुपर्दछ ।

खाता	स्रेस्ता अनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
स्थानीय तह सञ्चित कोष खाता	२७३९७६१७८.६७	१६५४११०८७.६५	१०८५६५०९१.०२
चालु खर्च खाता	१०१६७९९०१.३२	१०३२२६०३९.२९	-१५४६१३७.९७
पुँजीगत खर्च खाता	२३०३७८७५६.०८	२३४८९२२४५.०८	-४५१३४८९
विविध खर्च खाता	३१३०२७७४.९३	३१३०२७७४.९३	०
विपद व्यवस्थापन खाता	५७०१७२०.९२	५७०१७२०.९२	०
आन्तरिक राजस्व खाता	१०७८२०५७.३४	९९८५७९७२.८८	-८९०७५९१५.५४
धरौटी मौज्दात	२३८३६०७५.१५	२३८३६०७५.१५	०
बाँडफाँडबाट प्राप्त राजस्व खाता	६०७२५८०४.३	७४१५५३५२.२९	-१३४२९५४७.९९
स्थानीय तह विविध कोष खाता	४५२१३४४	४५२१३४४	०
स्थानीय तह विभाज्य कोष खाता	४३५०००	४३५०००	०
जम्मा	**७४,३३,३९,६१२.७१**	**७४,३३,३९,६१२.७१**	**०**

<table>
<tr><td>५.४</td><td></td><td></td><td>एकिकृत आर्थिक बिवरण – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा तयार गरी पेश नगरेकोले तुलनात्मक अध्ययन गर्न सकिएन । सुत्रबाट तयार भएको वित्तीय प्रतिवेदनले सबै कारोबार नसमेटेको अवस्थामा सबै कारोबार देखिने एकिकृत आर्थिक विववरण तयार गरी आर्थिक अवस्थाको यथार्थ प्रस्तुति गरिनुपर्दछ । पालिकाको वित्तीय प्रतिवेदन २७२ को तथ्याकंमा नै निम्नानुसार फरक रहेको देखिन्छः
<table>
<tr><td>कुल प्राप्ती</td><td>१, ५५ , ९७ , ५६ , ९७३.७३</td></tr>
<tr><td>कुल खर्च</td><td>१, ४७ , १२ , ३५ , ५२६.६४</td></tr>
<tr><td>बचत</td><td>८,८५,२१,४४७.०९</td></tr>
<tr><td>गत बर्षको जिम्मेवारी</td><td>६६, ७३ , ५४ , ६६८.५४</td></tr>
<tr><td>बर्षान्तको कुल बाँकी</td><td>७५, ५८ , ७६ , ११५.६३</td></tr>
<tr><td>अनुसूची २४ मा देखिएको बर्षान्तको कुल बाँकी</td><td>७४, ३३ , ३९ , ६१२.७१</td></tr>
<tr><td>बाँकी रकममा देखिएको फरक</td><td>१,२५,३६,५०२.९२</td></tr>
</table>
उक्त बाँकी फरक रकममा अनुसूची २४ मा समावेश नभएको कर्मचारी कल्याण कोषको मौज्दात रु ४५,२१,३४४ मिलान गर्दा समेत रु ८०,१५,१५८.९२ खुद फरक परेको देखिन्छ । यसरी एउटै प्रतिवेदनले बर्षान्तको मौज्दात फरक फरक देखाएकोले वित्तीय प्रतिवेदनले आय व्ययको यथार्थ चित्रण गरेको देखिदैन । फरक रकम सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.५</td><td></td><td></td><td>सञ्चित कोषमा बढी जिम्मेवारी - स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आ.ब. २०७८/०७९ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ को अनुसूची १० मा सञ्चित कोषमा गत बर्ष रु ५८,७३,६६,०१७.४८ बाँकी मौज्दात रहेकोमा यो बर्ष रु ६४,७३,८६,६६६.५० जिम्मेवारी सारेको पाइयो । यसरी वित्तीय प्रतिवेदनमा रु ६,००,२०,६४९.०५ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.६</td><td></td><td></td><td>वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु ३१,६०,७७,९१६.९७ एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु १,८१,९०,००० र अन्य खर्च समेत गरी कुल रु ३३,४२,६७,९१६.९७ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:</td><td></td></tr>
</table>

			• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन । • निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकामा कार्यरत कर्मचारीहरुको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन । • पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रममा खर्च गरेको पाइयो ।	
७			**बजेट तथा कार्यक्रम (स्थानीय तह)**	
७.१			**योजना तथा वजेट कार्यान्वयन -** पालिकाको योजना तथा बजेट कार्यान्वयनको क्रममा देखिएका केही प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन: • अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो व्यवस्था कार्यान्वयन गर्न आवधिक योजना नगरेको र मध्यकालीन खर्च संरचना को अभ्यास समेत गरेको छैन । • पालिकाले नगरसभाबाट समयमै बजेट पारित गरेको देखिएन । आर्थिक बर्ष २०७८।०७९ को बजेट असार १० गते भित्रै पारित गर्नुपर्नेमा मिति २०७८।५।३१ मा मात्र बजेट पारित भएको देखियो । • दिगो बिकासका लक्ष्य तथा संघ र प्रदेशको आवधिक योजनासँग सामञ्जस्य हुने गरी आयोजना छनौट गर्न स्थानीय स्तरको आयोजना बैंक वा आयोजना सूचि बनाई कार्यान्वयन गर्नुपर्नेमा गरेको पाइएन । • आर्थिक वर्षको अन्त्यतिर अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु ६९ करोड ८१ लाख भएकोमा प्रथम चौमासिकमा रु ३ करोड ६५ लाख, दोश्रो चौमासिकमा रु २५ करोड २७ लाख र तेस्रो चौमासिकमा रु ४० करोड ८९ लाख (५८.५८ प्रतिशत) खर्च भएको देखिन्छ । वर्षान्तको खर्च उच्च रहेको छ । • सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र रु १० लाख भन्दा बढीको खरिद गर्दा बार्षिक खरिद योजना तयार गर्नुपर्नेमा पालिकाले रु ६९ करोड ८१ लाखको पूँजिगत खर्च गरेकोमा खरिद गुरुयोजना तथा बार्षिक खरिद योजना तयार गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा रकमान्तर सम्बन्धी व्यवस्था रहेको छ । यस वर्ष शुरु बिनियोजित बजेटबाट रु. ३८ करोड ४६ लाख ५१ हजार रकमान्तर गरेको छ। उक्त रकम कुल वजेट रु २,७३,३८,८५,००० को तुलनामा १४ प्रतिशत हुन्छ । आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन । • पालिकाले बजेट तयारी गर्दा आर्थिक बर्ष २०७८।०७९ को लागि बार्षिक अनुमानित आय रु २,७३,३८,८५,००० हुने उल्लेख गरेकोमा यथार्थ आय रु २,०४,९१,३१,६७८ रहेको देखिन्छ । उक्त यथार्थ आयमा पनि गत बर्षको मौज्दात उल्लेख्य रहेको देखिन्छ । बजेट अनुमान र प्रक्षेपणलाई तथ्यार्किय विधि र उपकरणमा आधारित भइ यथार्थको नजिक रहने गरी बनाएको पाइएन । • आन्तरिक राजस्व अनुमानमा कर तथा शुल्क अनुमानको ठोस आधार निर्माण गरेको पाइएन । • पालिकाको स्थानीय राजस्व क्षमताको खास अध्ययन गरी सोही अनुरुप राजस्व परिचालनको लागि विधि, उपकरण तथा जनशक्ति परिचालन भएको पाइएन । • मर्मत सम्भार कोष लगायतका कोषहरुको कार्यविधि कानून बनाइ कार्यान्वयन गरेको पाइएन । • कार्यविधि वेगर आर्थिक सहायता वितरण गरेको देखियो । • स्थानीय तथ्याकं तथा अभिलेख व्यवस्थापनको लागि नीति, कानून, मापदण्ड तयार गरी कार्यान्वयन गरेको पाइएन । यसबाट स्थानीय तथ्याकं व्यवस्थापन प्रणाली भरपर्दो र विश्वसनिय देखिएन । • पालिकाले आफ्नो स्वामित्वमा रहेका सबै प्रकारका चल अचल सम्पत्ति सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख नराखेको, साबिक गाउँ विकास समिति र बिषयगत कार्यालयबाट हस्तान्तरण भइ आएका सम्पत्तिहरुको स्पष्ट अभिलेख नराखेको तथा जिन्सी निरीक्षण गरी सो को प्रतिवेदन कार्यान्वयन गरेको पाइएन । जिन्सी निरीक्षण गरी सो को प्रतिवेदन लेखापरीक्षण समक्ष पेश नहुदा पालिकाको चल अचल सम्पत्ती सम्बन्धमा	

			बिष्लेषण गर्न सकिएन । उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
७.२			**आयोजना छनौट र कार्यान्वयन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आयोजना छनौट गर्दा स साना टुक्रे आयोजनाहरु बढी छनौट गरेको र कार्यान्वयन स्थिति पनि कमजोर रहेको पाइयो । आर्थिक बर्ष २०७८।०७९ मा गत बर्ष नै सम्झौता भइ टुङ्गो लाग्न बाँकी ८७ वटा आयोजना सहित कुल १०४४ वटा आयोजनामा बजेट बिनियोजन गरेको मध्ये ५३० वटा आयोजनामा रु ६६,९१,५०,००० बजेट बिनियोजित भएतापनि कुनै खर्च गरेको देखिएन । आयोजना छनौट र बजेट कार्यान्वयनमा रहेको कमजोरीमा सुधार हुनुपर्दछ ।	

विवरण	छनौट संख्या	कार्यान्वयन संख्या	कार्यान्वयन नभएका आयोजना संख्या	कार्यान्वयन नभएका आयोजनामा विनियोजित बजेट रु
रु २० लाख भन्दा माथीका आयोजना	१५४	५२	१०२	
रु ५ लाख देखि २० लाख सम्मका	४११	२३९	१७२	
रु ५ लाख मुनिका	४७९	२२३	२५६	६६,९१,५०,०००
जम्मा आयोजना संख्या	१०४४	५१४	५३०	

७.३			**गत बर्षको आयोजनामा भुक्तानी -** पालिकाले आर्थिक बर्ष ०७७।०७८ मा सम्झौता गरी सोही बर्ष कार्य सम्पन्न गरि गराई भुक्तानी रकम फरफारक गर्नुपर्नेमा ८७ वटा आयोजनाको लागि नगरसभाबाट नयाँ आयोजनासरह बजेट विनियोजन गरी कुल रु १०,८४,८१,१४४ भुक्तानी गरेको छ । बहुबर्षिय आयोजना बाहेक बार्षिक रुपमा सम्पन्न हुनुपर्ने स साना आयोजना सम्झौतामा उल्लिखित मितिमा नै कार्य सम्पन्न हुनुपर्दछ । समयमा कार्य सम्पन्न नगर्ने नगराउने सम्बन्धीतलाई कानून बमोजिम जिम्मेवार बनाइनुपर्दछ ।	
८			**न्यायिक समिति -** पालिका अन्तर्गत न्यायिक समितिमा गत बर्षको मुद्दा तथा उजुरी संख्या ३२ जिम्मेवारी सरेकोमा यो बर्ष ४१ वटा थप भएको र यो बर्ष ४६ वटा उजुरी तथा मुद्दा फस्यौट भएको विवरण पेश भएको छ । फस्यौट गर्न बाँकी २७ वटा उजुरी र मुद्दा पनि समयमै फस्यौट गर्नुपर्दछ ।	
९			**असम्बन्धित खर्च –** नगरपालिका चालु तर्फ गौश्वरा भौचर ८३१ बाट दलित बर्गका समुहलाइ भाडाकुडा बितरण कार्यक्रम अन्तर्गत नारायणी स्कील डेभलपमेन्ट प्रा.लि लाइ रु ४,९७,९७४ भुक्तानी भएकोमा उक्त संस्थाले पेश गरेको कार्य सम्पादन प्रतिबेदनमा भाडाकुडा र अन्य सामाग्री खरिद रु ३,८९,२५० र चियानास्ता खर्च रु १,०८,७२४ खर्च लेखेको पाइयो । यसरी एउटा सानो कार्यक्रममा समेत बजेटको तुलनामा ठूलो रकम चियानास्तामा खर्च गरेको देखियो । खर्च गर्दा निश्चित मापदण्ड को आधारमा लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तरिकाले संस्था छनौट गरीनुपर्दछ । अनुत्पादक प्रकृतिका खर्च कटौती हुने गरी सार्वजनिक खर्चमा मितव्ययीता कायम गरिनुपर्दछ ।	
१०			**फोहरमैला संकलन तथा ब्यबस्थापन कार्य -** उपमहानगरपालिका क्षेत्र भित्रको फोहरमैला संकलन तथा ब्यबस्थापन कार्यका लागी ग्रिन एण्ड क्लीन	

			सिटि सर्भिस प्रा. लि.सँग आर्थिक बर्ष २०७६।७७ मा सम्झौता भइ कार्य भएकोमा देखिएको व्यहोराहरु निम्नानुसार छनः	
१०.१			मिति २०७७ श्रावण १४ गते बसेको ४८ औ नगरकार्यपालिकाको बैठकले फोहरमैला संकलन कार्य गरिरहेको ग्रिन एण्ड क्लीन सिटि सर्भिस प्रा. लि हेटौडा सँग काम गर्न अर्को ब्यबस्था नभए सम्म को लागि सम्झौताको म्याद थप गर्ने निर्णको गरेको आधारमा प्रति महिना बढीमा रु ६,२९,७५७ भुक्तानी गर्ने गरी कार्यादेश भएको र सोही सम्झौता अनुरुप २०७८ श्रावण देखि २०७९ असार सम्म सरसफाई शुल्क भनी रु ७०,११,०८५ भुक्तानी भएको छ । पालिकाको लागी एकिकृत फोहर ब्यबस्थापनको ५ बर्षे बार्षिक योजना तथा लागत सहभागिता सहितको बहुबर्षिय योजना अनुरुप लाभग्राहीको लागत सहभागिता बढाउदै लगी नगरपालिकाको दायित्व क्रमशः घटाउँदै जानुपर्दछ ।	
१०.२			फोहरमैला ब्यबस्थापन ऐन, २०६८ को परिच्छेद ४ मा फोहरमैला ब्यबस्थापन निजी तथा सामुदायिक क्षेत्रको संलग्नता मा हुने ब्यबस्था छ । साथै दफा १५(१) मा स्थानीय निकायले निजी तथा सामुदायिक संस्थाबाट फोहरमैला ब्यबस्थापन गर्दा बोलपत्र आह्वान गरी प्रतिस्पर्धात्मक रुपमा गर्ने उल्लेख छ साथै सार्बजनिक खरिद ऐन २०६३ दफा ८ मा प्रतिस्पर्धा सिमित नहुनेगरी गर्नुपर्ने ब्यबस्था छ ।यस पालिकाले आर्थिक बर्ष २०७६।७७ को आर्थिक तथा प्राबिधिक प्रस्ताब माग गरी सम्झौता भएको संस्थालाइ मिति २०७७ श्रावण १४ गते बसेको ४८ औ नगरकार्यपालिकाको बैठक को निर्णयको आधारमा कार्यादेश दिएको पाइयो । संस्था छनौटमा उपर्युक्त कानूनी प्रावधान अनुसार प्रतिस्पर्धात्मक विधि अपनाएको पाइएन । पालिकाको निर्णयकै आधारमा संस्थालाई एकपटक सम्झौता गरेकै आधारमा पटक पटक निरन्तरता दिइनु उचित देखिएन । उल्लिखित कानूनमा भएको विधि तथा छनौट प्रक्रियाको पालना हुनुपर्दछ ।	
१०.३			ग्रिन एण्ड क्लीन सिटि सर्भिस प्रा. लि द्धारा जारी घरधुरी, पसल, उधोग ब्यबसाय तथा संस्थागत क्षेत्रबाट निस्कने फोहरजन्य पदार्थ संकलन तथा ब्यबस्थापन सहितको फोहर ब्यबस्थापन कार्यक्रम सम्बन्धी प्रतिबेदनमा अनुसार नगर क्षेत्रको लक्षित संख्या २१२११ रहेकोमा उक्त प्रा लिले कति घरबाट शुल्क उठाएको छ भन्ने बिबरण भने खुलासा गरेको देखिएन । साथै पालिकासँग पनि उक्त प्रालिले नगरक्षेत्रको फोहोर संकलन कार्यमा लाभग्राहीबाट संकलन भएको शुल्कको कुनै अभिलेख राखेको पाइएन । यसबाट फोहोर संकलन कार्यको लागि पालिकाले मासिक उक्त संस्थालाई दिएको रकम र संस्थाले लाभग्राहीबाट संकलन गरेको रकम बिच तुलनात्मक बिष्लेषण गर्न सकिएन । पालिकाले लागत लाभ साझेदारीमा जोड दिई फोहोर व्यवस्थापन कार्यलाई मितव्ययी र प्रभावकारी बनाईनुपर्दछ ।	
११			**पेश्की बाँकी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की फर्स्यौट नभई बाँकी रहेको रु ३,३८,२३,००४ कानूनमा भएको व्यवस्था बमोजिम समयमै फर्स्यौट गर्नुपर्दछ । उक्त पेश्की बाँकी मध्ये आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई तथा म्याद नाघेको अवस्थाको पेश्की बाँकी रु. २,७३,५६,८०४ नियमानुसार फर्स्यौट गर्नुपर्ने रु	२७,३५६,८०४

पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	पेश्की
२०७८/०९/१८	४११	सार्वजनिक ऐलानी तथा पर्ती जग्गा संरक्षण	बालाराम खड्का	१५००००.
२०७८/१०/१८	८१	पोषण संवेदनशील क्षेत्रका कार्यक्रमहरू सञ्चानल	पुष्प प्रसाद घिमिरे	१९२५०००.
२०७८/१०/२३	५०५	पोषण संबेदनशिल कर्यक्रम संचालन	हरी किसोर साह कानु	१५०००००.
२०७८/११/१३	१०९	सरसफाई प्रवद्र्धन कार्यक्रम	बाबु लाल सहनी	२८००००.

२०७८/१२/२४	७६४	नमुना स्थानीय तह र वडाको भ्रमण अध्ययन तथा अवलोकन	शिवजी प्रसाद	३०००००.
२०७९/०३/१६	२५७	पोषण संवेदनशील क्षेत्रका कार्यक्रमहरू सञ्चानल	पुष्प प्रसाद घिमिरे	३५००००.
२०७९/०१/२२	२६	आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण	अंकिता निर्माण सेवा	९२६२००.
२०७९/०३/२१	५९	पुर्व हनुमान मन्दिरसम्म सगरदिना कृषि नाला निर्माण वडा नं ८	निसन कन्स्ट्रक्सन	६७००००.
२०७९/०३/२१	५९०	कार्यालय परिसरमा आधुनिक चमेना गृह निर्माण	ए. बि. सी. कन्स्ट्रक्सन एंड बिल्डर्स	१००००००.
२०७९/०३/२१	५९०	वडा कार्यालय भवन निर्माण	डि.एण्ड आर कन्सट्रक्सन	२०००००.
२०७९/०३/२१	५९०	वडा कार्यालय भवन निर्माण	प्रतिक्षा निर्माण सेवा	१५००००.
२०७९/०३/२१	५९१	नुरआलमको घरदेखी खलिल मियाको घर सम्म वाटो ढलान	अतिश कन्स्ट्रक्सन प्रा. लि.	३१९०००.
२०७९/०३/२१	५९१	लोहसण्डामा अधुरो ढलान देखि उत्तर जाने बाटो ढलान	ए. बि. सी. कन्स्ट्रक्सन एंड बिल्डर्स	२०००००.
२०७९/०३/२१	५९१	जोरलाई गाँउको बाटो पिच /कालोपत्रे	डि.एण्ड आर कन्सट्रक्सन	२७५०००.
२०७९/०३/२२	५९३	वडा कार्यालय भवन निर्माण	सम्राट निर्माण सेवा	२३५०००.
२०७९/०३/२५	७१	रामनगरको बाँध्य गुम्बादेखि उत्तर सहजनाथ महानेव मन्दिरसम्म जाने सडक	प्रतिक्षा निर्माण सेवा	७०००००.
२०७९/०३/३२	७४	रामनगरको बाँध्य गुम्बादेखि उत्तर सहजनाथ महानेव मन्दिरसम्म जाने सडक	प्रतिक्षा निर्माण सेवा	७०००००.
२०७९/०३/३२	७६	पुर्व हनुमान मन्दिरसम्म सगरदिना कृषि नाला निर्माण वडा नं ८	निसन कन्स्ट्रक्सन	६७००००.
२०७८/०७/०४	३७	बत्ती व्यवस्थापन	नेपाल बिधुत प्राधिकरण सिमरा	७२१४३.
२०७८/०७/०४	३७	पोल व्यवस्थापन	नेपाल बिधुत प्राधिकरण सिमरा	१०००००.
२०७८/०७/०४	१४१	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम	श्री ने रा आ वि टाँगियाबस्ती १५	१८०००००.
२०७८/०७/०४	१४१	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम	श्री ने रा आ वि हरपुर	६५००००.
२०७८/०७/०४	१४१	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम	श्री ने रा मा वि फतेपुर	१८०००००.
२०७८/०७/०४	१४१	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम	श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय रघुनाथपुर	१९५००००.
२०७८/०७/०४	१४१	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम	श्री मौवा देवी मा वि डाकाह	६५००००.

२०७८/०९/१३	३८४	संचार महसुल	नेपाल दूरसंचार कम्पनी लिमिटेड	१००३२०.
२०७८/१०/१८	४९१	पोलबत्ति सार्ने वडा भरी	नेपाल बिधुत प्राधिकरण सिमरा	३९९४६६.
२०७८/११/२२	६२२	(शिक्षक व्यवस्थापन	श्री लोक सामुदायिक आधारभुत विधालय २०	५०००००
२०७८/१२/०८	१३३	मातृ तथा नवशिशु कार्यक्रम	जीतपुर स्वास्थ्य चौकी जितपुर	२०००००
२०७८/१२/२४	३४९	श्री फ.गि.रा.मा.वि. को पुरानो भवन मर्मत तथा निर्माण	श्री फकिरा गिरी राजेश्वर गिरी मा वि-७	७०००००
२०७९/०२/२५	१९८	आयआर्जन सुधार कार्यक्रमको गर्न अनुदान	औराहा पशुपालन कृषि सहकारी संस्था लि.	६०४०००.
२०७९/०२/२५	१९८	पोषण संवेदनशील क्षेत्रका कार्यक्रमहरू सञ्चालन	औराहा पशुपालन कृषि सहकारी संस्था लि.	२१०००.
२०७९/०२/३१	३७	विद्यालयको ल्याव व्यवस्थापन अनुदान	श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय	२५०००००.
२०७९/०३/१२	२३९	राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता	श्री जनता माध्यमिक विधालय रजघट्टा१४	१०००००
२०७९/०३/१३	४३	विद्यालयको ल्याव व्यवस्थापन अनुदान	श्री नेपाल राष्ट्रिय नमुना माध्यमिक विधालय	१४०००००.
२०७९/०३/१९	५४	विद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे)	श्री लोक सामुदायिक आधारभुत विधालय २०	७२००००.
२०७९/०३/१९	५५	विद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे)	श्री दुलारीमाई आधारभुत विधालय २०	७२००००.
२०७९/०३/२१	५९१	गाँउको मेन बाटोको पूर्व पट्टी कल्भर्ट सहित नाला निर्माण	श्री आलम देवी निर्माण सेवा	४२१०००.
२०७९/०३/२१	१२१०	संचालन अनुदान (सञ्जिवनी बाटिका)	संजीवनी वाटिका	५०००००
२०७९/०३/२३	६१	विद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे)	श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय	३६००००.
२०७९/०३/२५	२	श्री सरस्वती आधारभुत विद्यालय दशविगाहालाई भवन निर्माण	श्री सरस्वती आधारभूत विद्यालय	३५०००००.
२०७९/०३/२५	६६	श्री ने.रा.मा.बि. जैतापुर जीतपुर सिमरा उपमहानगरपालिका-१७	श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय	१०७८८७५.
२०७९/०३/२२	२९५	अति गरिब परिवारहरुको लागि साझा सुविधा केन्द्रको स्थापना।	श्री बकुलिया साझा सुविधा केन्द्र (उधम घर) निर्माण उ स	५०००००

२०७८/०७/१०	१७	मातृ तथा नवशिशु कार्यक्रम	अशोक प्रसाद जयसवाल	२०००००.
२०७८/०७/३०	३५	कृत्रिम गर्भाधान मिसन कार्यक्रम	प्रतित कुमार राई	३५००००.
२०७८/०८/०२	३६	मातृ तथा नवशिशु कार्यक्रम	बिजय कुमार साह	६०००००.
२०७८/०८/२७	३०८	वडा समितिको लागि नमुना वडा कार्यालय तथा नमुना स्थानीय भ्रमण	दिपा चौलागाँई	२५००००.
२०७८/१२/०८	१३३	मातृ तथा नवशिशु कार्यक्रम	प्रविण कुमार झा	३०००००.
२०७९/०३/१९	२६३	मातृ तथा नवशिशु कार्यक्रम	असाेक प्रसाद जयसवाल	५६०००.
२०७९/०३/१९	२६३	मातृ तथा नवशिशु कार्यक्रम	प्रविण कुमार झा	१७००००.
जम्मा रु				**३,३८,२३,००४**

१२			**पारिश्रमिक खर्च**	
१२.१			**तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा नियमावली २०५९ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत कर्मचारीको रु. ४,७५,२०,१४८. र पालिकाका कर्मचारीको रु ४,७०,९७,३८१ समेत रु. ९,४६,१७,५२९ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी तलब भत्तामा खर्च लेखेकोले तलब भत्ताको यथार्थता लेखापरीक्षणको क्रममा एकिन गर्न सकिएन । कानूनमा भएको व्यवस्थाको परिपालना गरी तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।	
१२.२			**करार कर्मचारी -** पालिकाले बिभिन्न पदमा गतबिगत देखि करार नियुक्त गरेको देखियो । पालिकाको लागि आवश्यक कर्मचारीको दरबन्दी सम्बन्धी संगठन तथा ब्यवस्थापन सर्वे गरी एकिन नगरी कार्यपालिकाको निर्णय अनुसार नियुक्ति गरी करार सेवा शुल्क शिर्षकबाट ११० जना लाई रु ३,२०,४९,४७३ र सेवा र परामर्श शिर्षकबाट रु ६५,३८,४८२ पारिश्रमिक भुक्तानी खर्च लेखेको छ । यसरी कर्मचारी नियुक्ति गरेको उपयुक्त देखिएन । संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी कर्मचारी दरबन्दी एकिन गरेर मात्र कर्मचारी नियुक्ती गर्न ध्यान दिनुपर्दछ ।	
१२.३			**अबकास पछिको तलब -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३९ (५) मा सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भर्पाई तथा प्रमाण कागजात संलग्न हुनुपर्ने ब्यवस्था छ । पालिकाबाट नासु बिजयकान्त झा मिति २०७८।२।११ देखि अबकास भएकोमा निजको मिति २०७८।२।११ देखि २०७९आषाढसम्म आधा तलब भुक्तानी भएको पाइयो । यसरी अवबाश पछी पनि तलब भुक्तानी भएको देखिएकोले उक्त रकम असुल हुनुपर्ने रु	२३२,२२३
१२.४			**निजी सचिब एंब कानुनी सल्लाहकार -** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धीऐन, २०७५ मा मधेश प्रदेशमा स्थानीयतहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव सल्लाहकार राख्न पाउने ब्यवस्था गरेको छैन्। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । कानुनले ब्यबस्था गरेको भन्दा बिपरित कानुनी सल्लाहकार रुपमा सहायक स्तर तलब भत्ता भुक्तानी हुने गरी नियुक्त गरी मासिक भुक्तानी गर्नु उचित देखिएन । यस्ता बिषय कानूनद्धारा ब्यवस्थित हुनुपर्दछ ।	

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><th>गौश्वरा भौचर</th><th>नाम</th><th>प्रति महिना</th><th>रकम</th></tr><tr><td>१२०</td><td>नगर प्रमुखको निजी सचिब दिवाकर भण्डारी</td><td>३०२००</td><td>३६२४००</td></tr><tr><td>१२०</td><td>नगर उपप्रमुखको निजी सचिब मनोज कुमार साह</td><td>२८६१०</td><td>३४३३२०</td></tr><tr><td></td><td>अधिबक्ता दामोदर पौडेल</td><td>२७०००</td><td>३२४०००</td></tr></table></td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>पदाधिकारी सुविधा - मधेस प्रदेशले बनाएको स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७ को दफा ३ मा स्थानिय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धीत सभाले पारित गरेको सुविधा तथा भत्ता पाउने व्यवस्था छ । तर पालिकाले यो बर्ष पदाधिकारीको बार्षिक पारिश्रमिक सुविधामा रु. १,८७,८१,४४५ खर्च लेखेको देखिन्छ । सुविधा बितरण गर्दा उक्त ऐनले गरेको व्यवस्था अनुरुप आन्तरिक आय समेत लाई ध्यान दिई निश्चित सिमाभित्र राखिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>भत्ता रकम</td><td></td></tr>
<tr><td>१४.१</td><td></td><td></td><td>गत आर्थिक बर्षको बैठक भत्ता - मधेश प्रदेशबाट जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुबिधा सम्बन्धी ऐन २०७७ को दफा ७ अनुसार पदाधिकारी तथा सदस्यले प्रतिमहिना बढीमा तीनपटक सम्मको बैठक भत्ता दिने ब्यबस्था छ । यसरी तोकिएको बैठक भत्ता सोही आर्थिक बर्षमा दिनुपर्ने हुन्छ । तर पालिकाले गौश्वरा भौचर २४५ बाट मिति २०७७ कार्तिक देखि २०७८ आषाढ सम्म को २७ बैठकको प्रति बैठक रु २००० का दरले बैठक भता नगरसभा सदस्य १२३ जनालाइ रु ६५,८४,००० भुक्तानी गरेको छ । गत बर्षको खर्चलाई यो बर्ष भुक्तानी दिन बाकीको कच्चावारी (म.ले.प.फा.न. २२१) तयार नगरी भुक्तानी दिएको पाइयो । यसरी भुक्तानी बाँकीको विवरण प्रमाणित नगरी गत बर्षको खर्च यो बर्ष गर्ने कमजोरीमा सुधार हुनुपर्दछ । कानूनले तोकेको प्रक्रिया पुरा नगरी खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>कर्मचारीलाई बैठक भत्ता - मधेश प्रदेशबाट जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुबिधा सम्बन्धी ऐन २०७७ को दफा ७ अनुसार पदाधिकारी तथा सदस्यले प्रतिमहिना बढीमा तीनपटक सम्मको बैठक भत्ता दिने ब्यबस्था छ । पालिकाले निम्न कर्मचारीलाई बैठक भत्ता भुक्तानी भएकोमा मधेश प्रदेशबाट जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुबिधा सम्बन्धी ऐन २०७७ को दफा ८ अनुसार पदाधिकारी तथा सदस्यले मात्र बैठक भत्ता पाउने ब्यबस्था रहेकोमा न्याय समिति भन्दा बाहिरका ब्यक्तिलाइ बैठक भत्ता भुक्तानी दिएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु
<table><tr><th>गौश्वरा भौचर</th><th>भुक्तानी पाउनेको नाम</th><th>खर्च</th><th>न्यायिक समिति सदस्य बैठक भत्ता</th><th>कर्मचारीको बैठक भत्ता</th></tr><tr><td>९८२</td><td>कुलदिप कुमार राय</td><td>२७०१७४</td><td>८४१५०</td><td>१८६०२४</td></tr></table></td><td>१८६,०२४</td></tr>
<tr><td>१४.३</td><td></td><td></td><td>स्थानीय भत्ता - गौश्वरा भौचर ११२७ मिति २०७९।३।१४ मा मिति २०७८ जेष्ठ आषाढको भत्ता भनी स्वास्थ्य संस्थाका ६५ स्वास्थ्य कर्मचारी लाइ तलब स्केलको २५ प्रतिशत स्थानीय भत्ता १६,३०,१९७ भुक्तानी दिएको पाइयो । यसरी भुक्तानी दिदा पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) व्यवस्था नगरी कार्यपालिकाको निर्णयको आधारमा रु. १६,३०,१९७ भुक्तानी दिएको छ। यस्ता भत्ता लगायतका सुविधाका बिषय कानूनद्धारा व्यवस्थित गरेर मात्र खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>विविध खर्च - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विविध खर्च वापत रु. ४८,८९,२०९ खर्च गरेको छ । यस्तो खर्च खाना खाजा</td><td></td></tr>
</table>

			लगायतमा खर्च हुने गरेको देखिन्छ । गाउँसभाले पालिकाबाट सञ्चालन हुने कार्यक्रमको सन्दर्भमा कार्यक्रममा सहभागी हुनेलाई खाना र खाजा कसरी र कुन दरमा गर्ने भनी कुनै निर्णय भएको देखिएन । कानूनी रुपमा मापदण्ड तोकेर मितव्ययी रुपमा खर्च गर्न सकिने भएतापनि पालिकाले यस्तो खर्चमा कुनै मापदण्ड बिकास नगरेको, बिल बिजक भौचर साथ राख्ने गरेतापनि प्रयोजन र औचित्यता तथा आधार पुष्टी गर्ने नगरेको जस्ता कमजोरीहरु देखिएका छन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	
१६			**चालु खर्च परीक्षण**	
१६.१			**बिल भर्पाइ अपुग -** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५७ अनुसार कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नुपर्दछ । निम्नानुसार भुक्तानीमा खरिद गरेको परिमाण भन्दा भर्पाई कम भइ बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु	४८६,३९५

गोश्वरा भौचर	बिबरण	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	भर्पाइ प्राप्त	असुल गर्नुपर्ने (अपुग भर्पाइ)
४९५	लेडिज उलन सल ६५० थान दर प्रति थान ५४०(४६० थानको भरपाइ प्राप्त)	पि प्रजापति सप्लायर्स	३९६६३०	रु २८०६९२	रु ११५९३८(१९० थानको भरपाइ नभएको)
६०५	ब्यांकेट १५९ थान खरिद मध्ये १३७ थानको भरपाइ भएको	नमस्कार सप्लायर्स	३९१५००	रु३३७३३०	५४१७० (२२ थानको भरपाइ नभएको)
८८१	इन्डक्सन २०५ थान खरिद मध्ये १५९को भर्पाइ भएको	अंकिता एण्ड सोनी इलेक्ट्रोनिक्स	७९९०७९	६१९७७३	१७९३०६
१२५१	३०० थान छाता र दोसल्ला मध्ये १६२ को भर्पाइ भएको	पि प्रजापति सप्लायर्स	२९९९५८	१६१९७७	१३६९८१(१३८ थानको भरपाइ नभएको)
जम्मा रु					**४,८६,३९५**

१६.२			**प्राबिधिक मुल्याकन -** सार्बजानिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुमार सार्बजनिक निर्माण कार्यमा लागत अनुमान ,प्राबिधिक मुल्यांकन, नापि किताब र कार्य सम्पन्न प्रतिबेदन तयार गर्नुपर्दछ । यस पालिकाले सडक बत्ति जडान कार्यक्रममा बल्ब, तार, होल्डर, स्विच खरिद बापत निम्नानुसार भुक्तानी भएकोमा जडान लागत अनुमान ,प्राबिधिक मुल्यांकन, नापि किताब र कार्य सम्पन्न प्रतिबेदन पेश नभएको रु	२,९२२,०२७

मिति	गौश्वरा भौचर	बिबरण	भुक्तानी पाउनेको नाम	रकम
२०७८/०८/१४	२८४	सडक बत्ती	आर.डि.इलेक्ट्रोनिक्स	४,८६,०७१
२०७८/०८/१७	३०२	बत्ती जडान वडा भरी	गिता सप्लायर्स	४,९९,९६८
२०७८।१०।२	४९३	वडामा पोलपत्ति मर्मतथा जडान	सय इलेक्ट्रिक एण्ड सेनेटरी सप्लायर्स	२,११,११०
२०७८/१०/२१	५००	बिजुलि तार र सामाग्रि वडा न १६	लुम्बिनी इम्पेक्स	४,००,०००

२०७८।१।१०	५६६	बिजुलि तार र सामाग्रि वडा न २	नन्दनी एण्ड खुशी ट्रेडर्स	१,९९,१९६
२०७८।११।१२	६०२	सडक बत्ती	हेलो विनोद इलेकट्ीक	१,२९,८९३
२०७८।११।२६	६७८	बिजुलि तार र सामाग्रि वडा न १५	सुनिता सप्लायर्स	३,९७,९०६
२०७९।३।१४	११२६	वडाभरी उज्यालो कार्यक्रम	विक्कि ट्रेड एण्ड सप्लायस	४,९९,६८६
२०७९।३।१४	११४२	बिजुलि तार र सामाग्रि	सहनी ब्रदर्श इन्टरपाइजेज	९८,१९७
जम्मा				**२९,२२,०२७**

१६.३ **खाजा खर्च -** नेपाल सरकार अर्थ मन्त्रालय द्धारा जारी कार्य संचालन निर्देशिका,२०७७ को ७.१.१५ मा सबै प्रकारका तालिम गोष्ठी सेमिनार कार्यशाला संचालन सम्बन्धि खर्चको मापदण्ड अनुसार खाजा खर्च प्रति दिन रु २०० गर्न पाउने उल्लेख छ ।यस पालिकाले गैरसरकारी संस्था मार्फत सचेतनामुलक तालिम संचालन गर्दा कार्य संचालन निर्देशिकाले तोकेको भन्दा बढी खाजा खर्च लेखेको कुरा गैरसरकारी संस्थाले पेश गरेको प्रतिबेदनमा उल्लेख छ । पालिकाले यस्तो प्रकृतिका खर्चलाई व्यवस्थीत गर्न आफ्नै मापदण्ड बनाई वा संघीय वा प्रदेश खर्च मापदण्डको आधारमा लागत अनुमान तयार गरेको पाइएन । यसरी बढी खर्च लेख्न पाउने कुनै आधार भए पेश गर्ने अन्यथा सम्बन्धीतबाट असुल गर्नुपर्ने रु ७०४,१७०

गौश्वरा भौचर	गैरसरकारी संस्थाको नाम	सचेतना दिएको संख्या	खाजा खर्च रकम	मापदण्ड अनुसार हुने खर्च	असुल गर्नुपर्ने रकम
११९५	विरगंज स्किल ट्रेनिङ्ग इन्सटीच्युट प्रा.लि.	२६६	११२४००	५३२००	५९२००
१२०८	हाम्रो अभियान	१५७	७८७५०	३१४००	४७३५०
११४७	निर्मल समाज प्रसौनी	२२८	९७२००	४५६००	५१६००
११९८	जनता सिप विकास केन्द पा लि	२६	१११९६०	५३२००	५७९६०
११९६	युनिभर्सल स्किल डेभलपमेन्ट प्रा.लि.	२४३	१०८५००	४८६००	५९९००
१२०१	कंकाली स्किल ट्रेनिङ्ग सेन्टर प्रा.लि.	४२२	१६४३००	८४४००	७९९००
१२४४	गढीमाई महिला खोज विकास	४००	१५००००	८००००	७००००
१२७७	कंकाली स्किल ट्रेनिङ्ग सेन्टर प्रा.लि.	२३१	९८५००	४६२००	५२३००
१२८०	नेशनल स्किल डेभलपमेन्ट इन्स्टच्युट प्रा.लि.	२४०	११२५००	४८०००	६४५००
१२८२	युनिक स्किल डेभलपमेन्ट प्रा ली	२००	१११९६०	४००००	७११६०
१२८३	जानकी स्किल डेभलपेन्ट	२००	१०५३००	४००००	६५३००
१२८४	तराई महिला उत्थान केन्द्र	४००	१०५०००	८००००	२५०००

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा रु</td><td>७०४१७०</td></tr></table></td><td></td></tr>
<tr><td>१६.४</td><td></td><td></td><td>तालिम सामाग्री - लैगिक हिसां बिरुद्ध जनचेतना कार्यक्रम बापत गैरसरकारी संस्थालाइ भुक्तानी भएकोमा गैरसरकारी संस्थाले पेश गरेको खर्चको फांटवारी एबं प्रतिबेदनमा स्टेशनरी, तालिम हल, माइकिङ्ग खर्च ,चिया नास्ता, प्रोजेक्टर भाडा, बैनर, प्रशिक्षक भत्ता, प्रशिक्षक यातायात, अनुगमन, संचार खर्च, प्रतिबेदन लेखन, ब्यबस्थापक खर्च, बिबिध तथा अन्य गरी रु ५९,७३,३४६ खर्च गरेको र तालिम सामाग्रीमा निम्नानुसार खर्च उल्लेख गरेको पाइयो । शिपमुलक प्रकृतिका तालिममा तालिम सामाग्री आबस्यक हुने भएतापनि जनचेतनामुलक कार्यक्रममा समेत तालिम सामाग्री भनी गरिएको खर्चमा आश्वस्त हुन सकिएन । तसर्थ तालिम सामाग्री भनी निम्न संस्थाद्वारा भएको खर्चको औचित्यता पुष्टि गर्नुपर्ने रु
<table>
<tr><th>गौश्वरा भौचर</th><th>गैरसरकारी संस्थाको नाम</th><th>स्टेसनरी लगायत अन्य खर्च</th><th>तालिम समाग्री खर्च</th></tr>
<tr><td>११९५</td><td>विरगंज स्किल ट्रेनिङ्ग इन्सटीच्युट प्रा.लि.</td><td>४९८५६७</td><td>९००००</td></tr>
<tr><td>१२०८</td><td>हाम्रो अभियान</td><td>४९२९६२</td><td>१०००००</td></tr>
<tr><td>११४७</td><td>निर्मल समाज प्रसौनी</td><td>४९७५३९</td><td>७१५००</td></tr>
<tr><td>११९८</td><td>जनता सिप विकास केन्द पा लि</td><td>४९७४९९</td><td>८०१००</td></tr>
<tr><td>११९६</td><td>युनिभर्सल स्किल डेभलपमेन्ट प्रा.लि.</td><td>४९७४९९</td><td>९१३८०</td></tr>
<tr><td>१२०१</td><td>कंकाली स्किल ट्रेनिङ्ग सेन्टर प्रा.लि.</td><td>४९८३०</td><td>३२३७०</td></tr>
<tr><td>१२४४</td><td>गढीमामहिला खोज विकास</td><td>४९९६६०</td><td>२००००</td></tr>
<tr><td>१२७७</td><td>कंकाली स्किल ट्रेनिङ्ग सेन्टर प्रा.लि.</td><td>४९८३३०</td><td>९९६३५</td></tr>
<tr><td>१२८०</td><td>नेशनल स्किल डेभलपमेन्ट इन्स्टच्युट प्रा.लि.</td><td>४९८८०५</td><td>७६५००</td></tr>
<tr><td>१२८२</td><td>युनिक स्किल डेभलपमेन्ट प्रा ली</td><td>४९७७३६</td><td>७८५००</td></tr>
<tr><td>१२८३</td><td>जानकी स्किल डेभलपेन्ट</td><td>४९७४१९</td><td>८२३००</td></tr>
<tr><td>१२८४</td><td>तराई महिला उत्थान केन्द्र</td><td>४९९०००</td><td>२६५९२</td></tr>
<tr><td colspan="2">जम्मा रु</td><td>५९७३३४६</td><td>८४८८७७</td></tr>
</table></td><td>८४८,८७७</td></tr>
<tr><td>१६.५</td><td></td><td></td><td>सुरक्षित बैदेशिक रोजगार (सामी) कार्यक्रमः गौश्वरा भौचर १२४६ मिति २०७९।३।२४ बाट सुरक्षित बैदेशिक रोजगार (सामी) कार्यक्रम बापत दलित जनजाती उत्थान केन्द्र लाई रु ९,९९,७९० भुक्तानी गरेको छ । संस्था र पालिका बिच भएको सम्झौता र आप्रबासीको प्रोफाइल निर्माण, होर्डिङ बोड निर्माण तथा जडान सहितको कार्यसम्पादन प्रतिबेदन पेश नभएको एबं आप्रबासीको प्रोफाइल पालिकाको जिन्सि दाखिला भएको प्रमाण समेत पेश नभएको तथा परामर्श सेवाको लागत अनुमानमा ओभरहेड बापतको रकम थप गर्ने व्यवस्था खरिद नियमावलीमा नभएको तर ओभरहेड थप गरी खर्च लेखेको देखिएकोले संस्थाले तयार गरेको प्रोफाइल जिन्सी दाखिला भएको प्रमाण पेश गरी ओभरहेड बापतको रु २५७७० सम्बन्धीतबाट असुल गर्नुपर्ने रु</td><td>२५,७७०</td></tr>
</table>

१७			**जीतपुरसिमरा गोल्डकप प्रतियोगिताः**	
१७.१			गौश्वरा भौचर नं ९१७ मिति २०७९।१।२३ मा मिति २०७८।१२।१० देखि १२।१९ सम्म संचालित जीतपुरसिमरा गोल्डकप प्रतियोगिता संचालन अनुदान बापत नब जनजागृती युवा क्लब लाई रु ६४,००,००० भुक्तानी गरेको छ । उक्त क्लबले पेश गरेको आयब्यय बिबरणमा प्रायोजक ,सह प्रायोजक एबं अन्य संस्था र ब्यक्तिबाट सहयोग रु ४०,७७,००० सहित पालिका बाट प्राप्त अनुदान रु ६४,००,००० सहित आम्दानी रु १,०४,७७,००० र खर्च रु ९८,८४,३९८ भई रु ५,९२,६०२ बचत रहेको उल्लेख छ । मिति २०७८।११।६ गते बसेको कार्यपालिकाको ६३ औ बैठकले कार्य प्रगती र लेखापरिक्षण प्रतिबेदनको आधारमा भुक्तानी दिने उल्लेख भएतापनि उक्त क्लबले लेखापरिक्षण प्रतिबेदन पेश गरेको पाइएन तथा आम्दानी खर्चको सार्बजनिकिकरण समेत गरेको पाइएन । अतः लेखापरिक्षण प्रतिबेदन एबं आम्दानी खर्चको सार्बजनिकिकरण गरेको प्रमाण पेश हुनुपर्दछ ।	
१७.२			**खर्चको यथार्थता -** उक्त क्लबले कुल रु ९८,८४,३९८ खर्च भएको विवरण पेश गरेको छ । यस्तो खर्च पालिकासँग भएको सम्झौता अनुरुप भए नभएको बिल भर्पाई प्राप्त गरी यथार्थता यकिन गर्नुपर्दछ । साथै पालिकाले खर्चको प्रत्येक क्रियाकलापको लागि निश्चित मापदण्ड तोकी सोही अनुरुप खर्च गर्ने गरी संस्थासँग सम्झौता गर्ने र सो अनुरुप खर्च भए नभएको अनुगमन गरी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।	
१७.३			**बचत रकम -** नब जनजागृती युवा क्लबले पेश गरेको आयब्यय बिबरणमा प्रायोजक, सह प्रायोजक एबं अन्य संस्था र ब्यक्तिबाट सहयोग रु ४०,७७,००० सहित उपनगरपालिका बाट प्राप्त अनुदान रु ६४,००,००० सहित आम्दानी रु १,०४,७७,००० र खर्च रु ९८,८४,३९८ भई रु ५,९२,६०२ बचत रहेको उल्लेख छ ।बचत रकम मध्ये पालिकाको अंश एकिन गरी फिर्ता हुनुपर्ने रु	५९२,६०२
१८			**शिर्षक फरक पारी खर्चः**	
<tr><td>४७.१</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत उपमहानगरपालिका अन्तर्गतका वडामा १४ योजना सञ्चालन गरी यस वर्ष २०२ जनालाई औसत ६६ दिनले १३२४२ दिन रोजगारी उपलव्ध गराई रु. ७६,३३,७१० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४७.२</td><td></td><td></td><td>पारिश्रमिक कर दाखिला गर्न बाँकी – आयकर ऐन २०५८ को दफा ८७ मा पारिश्रमिक कर लाग्ने सम्बन्धी व्यवस्था छ । उपमहानगरपालिकाका निम्न कर्मचारीहरुलाई २०७८।७९ मा लाग्ने कर कट्टा नगरेकोले उक्त कर रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>कर्मचारीको नाम</th><th>कुल बार्षिक आय</th><th>कर योग्य आय</th><th>कर रकम</th></tr>
<tr><td>म. नसीमुल गनी</td><td>५२९८७०</td><td>७९८७०</td><td>७९८७</td></tr>
</table></td><td>७,९८७</td></tr>
<tr><td>४७.३</td><td></td><td></td><td>भरपाई अपुग भएको - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च लेख्दा विल भरपाई तथा आवश्यक कागजात संलग्न गरी मात्र रकम खर्च लेख्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले गो.भौ.नं.१३९।२०७८।१२।१० मा म.नसिमुल गनीलाई रोजगार सेवा केन्द्रको संचालन तथा अनुगमन वापत रु.५०,००० भुक्तानी गर्दा २५ जनाको अनुगमन भत्ता बुझिलिएको भरपाई पेश गर्नुपर्नेमा जम्मा २१ जनाको मात्र भरपाई पेश गरेकोले बाँकी ४ जनाको रु. ८००० असुल गर्नुपर्ने रु.</td><td>८,०००</td></tr>
<tr><td>४७.४</td><td></td><td></td><td>फरक नर्म्सको प्रयोग - पालिकाले सञ्चालित आयोजनाको मूल्यांकन गर्दा नापि किताबमा समावेश कार्य आइटम Earth works excavation in soft soil of drain from origin and disposal of materials up to 10 m and lift up to 1.5 m मा रु.५८४ र रु. २८८.५ दुई थरी दर प्रयोग गरेको पाइयो । एउटै कामको लागि प्रति घनमिटर ०.५ ज्यामी र १ ज्यामी प्रयोग गर्दा प्रति घनमिटर रु.२८८.५ का दरले बढी भुक्तानी भएको देखिन्छ । यसरी एउटै कामको लागि फरक दर प्रयोग गरी मूल्यांकन गर्दा पालिकालाई रु ८,८०,२९५ बढी व्ययभार परेको रु.
<table>
<tr><th>गोश्वार भौचर नं</th><th>योजनामको नाम</th><th>कुल भुक्तानी रकम</th><th>फरक दर</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>११३।२०७८।११।१८</td><td>वडा नं १७ का विभिन्न स्थानमा सिचाई कुलो मर्मत</td><td>३८५३१७</td><td>२८८.५</td><td>१९७०९९</td></tr>
<tr><td>११४।२०७८।११।१८</td><td>वडा नं १७ का विभिन्न स्थानमा सिचाई कुलो मर्मत</td><td>३८६५९०</td><td>२८८.५</td><td>२००३४९</td></tr>
<tr><td>१३७।२०७८।१२।१०</td><td>वडा नं १७ का विभिन्न स्थानमा सिचाई कुलो मर्मत</td><td>४८२९४९</td><td>२८८.५</td><td>२४५८५६</td></tr>
<tr><td>१३८।२०७८।१२।१०</td><td>वडा नं १७ का विभिन्न स्थानमा सिचाई कुलो मर्मत</td><td>४६७२७०</td><td>२८८.५</td><td>२३६९९१</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>८८०२९५</td></tr>
</table></td><td>८८०,२९५</td></tr>
</table>

<table>
<tr><td>४८</td><td></td><td></td><td>युनिसेफ तर्फ</td><td></td></tr>
<tr><td>४८.१</td><td></td><td></td><td>अग्रिम कर - आयकर ऐन, २०५८ को दफा ८८ अनुसार भुक्तानीमा अग्रीम कर कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपमहानगरपालिकाले युनिसेफ तर्फ संचालन भएका विभिन्न कार्यक्रमहरुमा अनुगमन, सहभागी, प्रशिक्षण तथा प्रतिवेदन वापत भुक्तानि गर्दा १५ प्रतिशत अग्रीम कर कट्टा गरी भुक्तानी गरेतापनि पारिश्रमिक कर जम्मा भएको भौचर पेश भएन । साथै गाडी भाडा, साउण्ड भाडा र हाल भाडा वापत भुक्तानीमा १० प्रतिशत कट्टा गरी भुक्तानी भएको भएता पनि बहाल कर वापत कट्टा गरेको रकम रु.२४०० दाखिला भएको प्रमाण पेश भएन । अतः पारिश्रमिक कर वापत कट्टा गरीएको रकम रु.१७२५० र बहाल कर वापत कट्टा गरीएको रकम रु.२४०० समेत गरी जम्मा रु.१९६५० सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td>१९,६५०</td></tr>
<tr><td>४८.२</td><td></td><td></td><td>संचार तथा यातायात खर्च - मिति २०७८।६।२२ मा प्रकाशित सुचना अनुसार अस्थायी रुपमा नियुक्ति भएका सामाजिक परिचालिका र सव-इन्जिनियरहरुलाई गो.भौ.नं.२०।३।१७ बाट संचार तथा यातायात खर्च वापत रु.७५००० भुक्तानी भएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) सरकारी रकम खर्च लेख्दा बील भरपाई तथा आवश्यक कागजात संलग्न गरी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । उपमहानगरपालिकाले अस्थायी नियुक्ति गरेका सामाजिक परिचालिका तथा सव-इन्जिनियरहरुले पाउने सुविधा तथा तलव सम्झौतामा नेपाल सरकारको सामाजिक परिचालिका र सव-इन्जिनियर सरहको सुविधा बमोजिम तलव भत्ता पाउने भनी उल्लेख भएकोमा संचार तथा यातायात खर्च भनी भुक्तानी भएको सेवा सम्झौताको शर्त विपरित भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>क्र. स .</th><th>कर्मचारीको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>प्रविन कुमार कर्ण</td><td>६२०५५</td></tr>
<tr><td>२</td><td>मनिषा दुलाल</td><td>५९१०</td></tr>
<tr><td>३</td><td>अर्जुन चौधरी</td><td>५९१०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७३८७५</td></tr>
</table></td><td>७३,८७५</td></tr>
<tr><td>४८.३</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर कट्टी - आर्थिक ऐन, २०७८ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७८।२।१६ देखि को ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षक मा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ। तर उपमहानगरपालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु. १५००९९ कट्टी गरी राजस्व दाखिला नगरी संस्थालाई नै भुक्तानी दिएको देखिन्छ। तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><th>गौ भौ नं</th><th>भुक्तानी पाउनेको नाम</th><th>मु.अ.कर रकम</th><th>३० प्रतिशत मु.अ.कर रकम</th></tr>
<tr><td>१८।२०७९।२।१९</td><td>भि.सि.ई. इन्जिनियरिङ्ग एण्ड कन्सट्रक्शन प्रा.लि.</td><td>१४२६६</td><td>४२८०</td></tr>
<tr><td>१७।२०७९।१।२२</td><td>के.एस. मल्टीपर्पोज प्रा.लि.</td><td>४८६०६४</td><td>१४५८१९</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१५००९९</td></tr>
</table></td><td>१५०,०९९</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>सुरक्षित आप्रवासन कार्यक्रम (सामी परियोजना</td><td></td></tr>
</table>

<table>
<tr>
<td>४९.१</td>
<td></td>
<td></td>
<td>मूल्य अभिवृद्धि कर कट्टी– आर्थिक ऐन, २०७८ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७८।२।१६ देखि को ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षक मा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर उपमहानगरपालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु. ६९७९६ कट्टी गरी राजस्व दाखिला नगरी संस्थालाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><th>गौ भौ नं</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान न</th><th>मु.अ.कर रकम</th><th>३० प्रतिशत मु.अ.कर रकम</th></tr>
<tr><td>८२।२०७८।१०।२०</td><td>दलित जनजाती उत्थान केन्द्र</td><td>३०३४३६८०८</td><td>६०६००</td><td>२०८८०</td></tr>
<tr><td>१६७।२०७९।१।४</td><td>दलित जनजाती उत्थान केन्द्र</td><td>३०३४३६८०८</td><td>४०९७८</td><td>१२२९३</td></tr>
<tr><td>१९५।२०७९।२।२४</td><td>दलित जनजाती उत्थान केन्द्र</td><td>३०३४३६८०८</td><td>५२९६०</td><td>१५८८८</td></tr>
<tr><td>३०५।२०७९।३।२४</td><td>दलित जनजाती उत्थान केन्द्र</td><td>३०३४३६८०८</td><td>६९११८</td><td>२०७३५</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>६९७९६</td></tr>
</table>
</td>
<td>६९,७९६</td>
</tr>
<tr>
<td>४९.२</td>
<td></td>
<td></td>
<td>मेसिनरी औजार खरिद- पालिका र संस्थाले गरेको सम्झौताको अनुसुची खण्डमा (reimbursable expense) अन्तर्गत मेशिनरी औजार उल्लेख छ । उपमहानगरपालिकाले मिति २०७९।२।९ मा मेशिनरी औजार वापतको रु.९९४४० भुक्तानी दिएको छ । उपमहानगरपालिका र दलित जनजाती उत्थान केन्द्रबीच सामी परियोजना सम्बन्धी परामर्श खरिद सम्झौता २०७९ असार मसान्त पछि समापन भएको छ । उल्लिखित खर्च reimbursable expenses शिर्षकमा रहेको साथै सम्झौता समापन हुनुभन्दा केही अघिमात्र मेशिनरी औजार खरिद भएको तथा हालसम्म संस्थाले उक्त मेशिन पालिकालाई हस्तान्तरण नगरेको हुँदा मेशिनको मुल्य वराबर रु.९९,४४० असुल गर्नुपर्ने रु.</td>
<td>९९,४४०</td>
</tr>
<tr>
<td>५०</td>
<td></td>
<td></td>
<td>लघु उद्यम विकास कार्यक्रम तर्फ</td>
<td></td>
</tr>
<tr>
<td>५०.१</td>
<td></td>
<td></td>
<td>सीप विकास तालिम- गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । उपमहानगरपालिकाका सीप विकास तालिम (गार्मेन्ट फेव्रिकेटर तालिम, व्यवसायिक पशुपालन तालिम, टमाटर तथा खुर्सानी खेति तालिम, अचार बनाउने तालिम र सर्फ बनाउने तालिम लगायतमा रु १२,५६,००० खर्च भएको छ । उपमहानगरपालिकाले उद्यशीलता विकास तालिम लिएका र जेसीएमआईएस सफ्टवेयर तथ्याङ्क अद्यावधिक भएका व्यक्तिहरु समावेश गरी तालिम सञ्चालन गर्नुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>५०.२</td>
<td></td>
<td></td>
<td>प्रविधि हस्तान्तरण- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ । उपमहानगरपालिकाले देहाय अनुसार प्रविधि हस्तान्तरण गर्दा २० प्रतिशतले हुन आउने रु. ९२०३० असुल गरी संचित कोष दाखिला गर्नुपर्ने देखिन्छ । निर्देशिका अनुसार उपमहानगरपालिकाबाट ८० प्रतिशत भुक्तानी गर्नु पर्नेमा शत प्रतिशत भुक्तानी भएकोले २० प्रतिशत रकम सम्वन्धित लघु उद्यमीबाट असुल गरी सङ्घीय सञ्चितकोष दाखिला गर्नुपर्ने रु...
<table>
<tr><th>गो.भौ.नं</th><th>वापत</th><th>कुल रकम</th><th>२० प्रतिशत रकम</th></tr>
</table>
</td>
<td>९२,०३०</td>
</tr>
</table>

३१७।२०७९।३।२४	प्रविधि हस्तान्तरण कार्यक्रम	३०००००	६००००
३१८।२०७९।३।२४	प्रविधि हस्तान्तरण कार्यक्रम	१६०१४९	३२०३०
जम्मा			**९२०३०**

५०.३ **कर दाखिला -** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । लघु उद्यम विकास कार्यक्रम अन्तर्गत निम्न गोश्वारा भौचरबाट निम्न व्यक्तिलाई भुक्तानी गर्दा नियमावली अनुसार लाग्ने पारिश्रमिक र बहाल कर कट्टा नगरी भुक्तानी गरेकोले कर वापतको रकम रु. ९९७८ सम्बन्धितबाट असुल गरी दखिला गर्नुपर्ने रु. ९,९७८

गो.भौ.नं.	भुक्तानी पाउनेको नाम	कार्यक्रमको नाम	वापत	कुल रकम	कर रकम
३१४।२०७९।३।२४	उषा बुढाथोकी	लघु विकास पहुँच कार्यक्रम	पारिश्रमिक कर	३०६३०	४५९३
		लघु उलम विकास कार्यक्रम	पारीश्रमिक कर	२४९००	३७३५
३२५।२०७९।३।२५	दिप नारायण राय	सहभागीतामुलक ग्रामिण लेखाजोखा कार्यक्म	बहाल कर	१६५००	१६५०
जम्मा					**९९७८**

५१ **कृषि तथा पशु तर्फ**

५१.१ **अनुदान -** उपमहानगरपालिकाले कृषि तथा पशु शाखामा अनुदानको लागि कृषक, कृषक समुह, कृषक सहकारी संस्था छनोट तथा मुल्याङ्कन गर्ने कार्यविधि तयार गरी सोही बमोजिम लाभग्राही छनौट तथा मुल्याङ्कन गर्ने कार्यहरु गर्नुपर्दछ । पालिकाले अनुदान कार्यक्रम संचालन गरेकोमा कार्यविधि तयार नगरी लाभग्राही छनौट, कामको मुल्याङ्कन लगायत कार्य नगरी खर्च गरेको छ । कार्यविधि तयार नगरी कृषक छनोट गर्दा वास्तविक लाभग्राही छनोट भई लाभान्वित भएका छन भन्न सक्ने अवस्था समेत छैन । अतः उपमहानगरपालिकाले कार्यविधि निर्माण गरी लाभग्राही छनोट, मुल्याङ्कन, खर्च सम्बन्धी सम्पूर्ण कार्य कार्यविधि अनुसार गरी खर्च प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

गो.भौ.नं.	भुक्तानी पाउनेको नाम	वापत	रकम
१७७।२०७९।१।२३	प्रोग्रेसिभ तरकारी पकेट संचालन समन्वय समिति	तरकारी पकेट कार्यक्रम ५० प्रतिशत अनुदान	१११७६७७
३१३।२०७९।३।२४	सीपमुलक कृषि सहकारी संस्था लि	तरकारी पकेट कार्यक्रम ५० प्रतिशत अनुदान	६०००००
३१५।२०७९।३।२४	साना किसान कृषि सहकारी संस्था लि	माछा पकेट कार्यक्रम ५० प्रतिशत अनुदान	६०००००
३१६।२०७९।३।२४	जीतपुर सिमरा उन्नत बाख्रा बिकास सकिति	बाख्रा पकेट कार्यक्रम ५० प्रतिशत अनुदान	७०००००
५८।२०७८।९।१४	रितिज्ञ सप्लायर्स	मकैको विउ खरिद वापत	१००००००
६७।२०७८।९।२८	सुलभ इन्टरप्राइजेज	मकै विउ खरिद तथा वितरण	९९९९३१
जम्मा			**५०१७६०८**

५१.२			**मध्यम प्रविधियुक्त बहुउदेश्यीय नर्सरी निर्माण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार सरकारी रकम खर्च लेख्दा रित पुगे नपुगेको चेकजाँच गरि मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले लागत साझेदारीका आधारमा मध्यम प्रविधियुक्त बहुउद्देश्यिय नर्सरी निर्माणका लागि कृषि सारथी प्रा.लि. लाई रु.२,००,००० भुक्तानी गरेकोमा बील भरपाई परीक्षण गर्दा ३ जनाको ११ दिनेको डोर हाजिरीबाट रु.४२,९०० भुक्तानी गरेको छ । पालिकाले स्वीकृत गरेको स्थानीय दररेट अनुसार आ.ब. २०७८।७९ मा सिपालु ज्यामीको ज्याला रु.८५० लाई आधार मान्दा डोर हाजिरी वापत रु.२८,०५९ मात्र भुक्तानी गर्नुपर्नेमा पेश गरेको डोर हाजिरी सिटमा रु. ४२९०० कायम भएकोले बढी भुक्तानी भएको रु. १४८५० सम्बन्धतिबाट असुल गरी दाखिला गर्नुपर्ने रु.	१४,८५०
५२			**सामाजिक सुरक्षा कार्यक्रम** - सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ २४ वटा वडाका लागि लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्न १० वटा वैंकलाई चार त्रैमासिकको जम्मा रु.३१,९०,९६,५५० बैकमा निकासा भई लेखापरीक्षणको अवधिसम्म जम्मा खर्च रु. २९,८९,०३,५७८ वितरण भई बैकले वितरण गर्न बाँकी रकम रु. २,०१,६१,९७२ रहेकोमा देखिएका व्यहोरा निम्न छन्:	
५२.१			**लगत कट्टा** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा ११ अनुसार कुनै लाभग्राहीको मृत्यु भएमा,एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानुन बमोजिमका सुचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनु पर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नु पर्दछ । कुनै लाभग्राहीका प्रचलित कानुन बमोजिमका सुचकले घटना दर्ता नगराएको अवस्थामा पनि स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी कुनै स्रोतबाट पाएमा आवश्यक सत्य तथ्य बुझी वडा कार्यालयले लाभग्राहीको लगत कट्टा गर्नुपर्नेछ । यसरी लगत कट्टा गर्दा स्थानीय तहलाई जानकारी गराई लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ । तर उपमहानगरपालिकाले समयमा नै लगत कट्टा गरी तथ्याङ्क अध्यावधिक गरेको देखिएन । अत उपमहानगरपालिकाले समयमा नै लगत कट्टा गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्य प्रभावकारी बनाउनुपर्दछ ।	
५२.२			**रकम भुक्तानी तथा खर्च** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा १४ मा स्थानीय तहले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सामाजिक सुरक्षा भत्ताको निकासा/भुक्तानी माग गर्दा अनिवार्य रुपमा अघिल्लो चौमासिकको हिसाव मिलानको प्रतिवेदन पेश गर्नुपर्ने साथै लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्दा प्रणालीमा रहेको अनुसुची ७ बमोजिमको भरपाई प्रतिवेदन तथा अनुसुची ८ बमोजिमको फर्वड फिडको आधारमा गर्नुपर्ने व्यवस्था छ । तर उपमहानगरपालिकाले अघिल्लो त्रैमासिक निकासा हिसाव मिलान र फर्वड फिड नगरी अर्को निकासा दिएको देखिन्छ । यस्तो कार्यमा नियन्त्रण गरी सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधिको पालना गर्नुपर्दछ ।	
५२.३			**अनुगमन तथा निरीक्षण** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा २७ मा गाउँ कार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यमा प्रभावकारी रुपमा अनुगमन तथा निरीक्षण गरेको देखिएन । अत पालिकाले यस सम्बन्धमा अनुगमन तथा निरीक्षण गरी भत्ता वितरण कार्य समयमा नै सम्पन्न गर्न पहल गर्नुपर्दछ ।	
५२.४			**रकम फ्रिज** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा १८ मा स्थानीय तहले भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक बर्ष समाप्त हुनु भन्दा कम्तीमा ७ दिन अगाबै वितरण कार्य सम्पन्न गरी आर्थकि कारोबार बन्द गर्नुपर्नेछ । आर्थिक बारोबार बन्द गरेपछि प्रचलित कानुन बमोजिम निकासा र खर्चको लेखा अद्यावधिक बैक संगको हिसाव मिलान गरी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्नेछ । भत्ता वितरणको लागि निकासा भएको रकम सोही आर्थिक बर्षमा खर्च नभएमा बाँकी रकम फ्रिज भई नेपाल सरकारको संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । तर उपमहानगरपालिकाले एक आर्थिक बर्षमा खर्च गर्न नसकी बाँकी रहेको रकम लेखापरीक्षणको क्रमसम्म पनि वितरण गरिरहेको छ । कार्यविधिको परिपालना गरी बाँकी रहेको रकम एकिन गरी संघीय संचित कोष फिर्ता गर्नुपर्दछ ।	

<table>
<tr><td>५३</td><td></td><td></td><td>सामाजिक सुरक्षा</td><td></td></tr>
<tr><td>५३.१</td><td></td><td></td><td>पारदर्शीता कायम - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्नेछ र त्यस्ता विषय सम्बन्धी सुचना स्थानीय एफ.एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्नेछ । स्थानीय तहले भुक्तानी गरेको रकम र बुझि लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । तर उपमहानगरपालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राखेर सामाजिक सुरक्षा भत्तामा पारदर्शिता कायम गरेको देखिएन । अतः यस सम्बन्धमा कार्यविधिको प्रावधान अवलम्बन गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्य पारदर्शी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५३.२</td><td></td><td></td><td>रकम फिर्ता - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ । कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार १० वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिक भत्ता बैङ्कलाई निकासा भएको रकममध्ये वितरण गरी बाँकी रहेको रकम रु. २,०१,६१,९७२ देखिन्छ । सामाजिक सुरक्षा भत्ता वितरण गरेर बाँकी रकम रु.२,०१,६१,९७२ रहेकोमा नेपाल इन्भेष्टमेन्ट बैकले रु. ९,२०,६६३ र एन.आई.सि. बैकले रु.२,१०,१२२ गरी जम्मा रकम रु ११,३०,७८५ उपमहानगरपालिकाको खातामा जम्मा गरेको देखियो । त्यस्तै कृषि विकास बैकले रु.२०,३८,६२३ र नेपाल बैकले रु.२०,००,९४९ गरी जम्मा रु.४०,३९,५७२ बैकबाट फिर्ता लिन बाँकी देखियो । यसरी बैंकबाट फिर्ता आएको र आउन बाँकी गरी कुल जम्मा रकम रु.५१,७०,३५७ संघीय संचित कोष फिर्ता गर्नुपर्ने देखियो । हिमालय बैक, नेपाल बाणिज्य बैक, गरिमा विकास बैक, एन.सि.सि. बैक र बैक अफ काठमाण्डौले पेश गरेको विवरणमा रकम फिर्ता गर्नुपर्ने देखिएन तर नविल बैकले हाल सम्म पनि रकम निकासा र वितरण भएको विवरण प्रमाणित गरी दिएको पाइएन । अतः पालिकाले निष्क्रिय खातामा रहेको रकम र बैक Statement माग गरी भिडान गर्नुपर्दछ । उक्त फिर्ता गर्न बाँकी सामाजिक सुरक्षाको रकम संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>बैकको नाम</th><th>चौथो त्रैमासिक</th><th>तेस्रो त्रैमासकि</th><th>दोस्रो त्रैमासिक</th><th>प्रथमको छुट</th><th>प्रथम त्रैमासिक</th><th>जम्मा निकासा</th><th>जम्मा वितरण</th><th>बाँकी रकम</th></tr>
<tr><td>ADBl</td><td>१७०१९८९०</td><td>१६५६१८९२</td><td>१५८९२२१९</td><td>१२४२५१४</td><td>१४००५६४९</td><td>६४७२२१६४</td><td>६२६५३५४१</td><td>२०३८६२३</td></tr>
<tr><td>NBL</td><td>११२०४५१५</td><td>१०९३०२४३</td><td>१०६१९७२१</td><td>१३८९७२</td><td>९९९१२६५</td><td>४२८८४७१६</td><td>४०८८२७६७</td><td>२०००९४९</td></tr>
<tr><td>NIBL</td><td>१०८०३४७०</td><td>१०४७२९४४</td><td>१०२८४११२</td><td>३१७९६८</td><td>९७००९०१</td><td>४१५७९३९५</td><td>४०६५८७३२</td><td>९२०६६३</td></tr>
<tr><td>SBL</td><td>५२७८१११</td><td>५११६४३९</td><td>५०६६५६६</td><td>२१४९९२</td><td>४७१०५२८</td><td>२०३८६६३६</td><td>२०३८६६३६</td><td>०</td></tr>
<tr><td>RBB</td><td>५५९०१३२</td><td>५३४७९५९</td><td>१३६१७८२०</td><td>१८५६१४०</td><td>११३०८६९१</td><td>३७७२०७४२</td><td>३७७२०७४२</td><td>०</td></tr>
<tr><td>Garima</td><td>८८३३८४१</td><td>८६०८०७३</td><td>०</td><td>०</td><td>०</td><td>१७४४१९१४</td><td>१७४४१९१४</td><td>०</td></tr>
<tr><td>NCC</td><td>३७०२६२२</td><td>३५९९११४</td><td>३५२६९१९</td><td>६२३३४</td><td>३४०४२३४</td><td>१४२९५२२३</td><td>१४२९५२२३</td><td>०</td></tr>
<tr><td>NABIL</td><td>३८८७२३५</td><td>३७७४६६१</td><td>३६९५२३६</td><td>८३९४०</td><td>३५५०५४३</td><td>१४९९१६१५</td><td>०</td><td>१४९९१६१५</td></tr>
<tr><td>NIC</td><td>१२००३२६२</td><td>११६४३४९५</td><td>११३०६६१६</td><td>४८९२१६</td><td>१०२२२५९०</td><td>४५६६५१७९</td><td>४५४५५०५७</td><td>२१०१२२</td></tr>
</table></td><td>५,१७०,३५७</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>BOK</td><td>५०६९४८८</td><td>४९४०६४६</td><td>४७३२१३१</td><td>२८७५२०</td><td>४३७९१८१</td><td>१९४०८९६६</td><td>१९४०८९६६</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>८३३९२५६६</td><td>८०९९५४६६</td><td>७८७४१३४०</td><td>४६९३५९६</td><td>७१२७३५८२</td><td>३११९०९६५५०</td><td>२९८९०३५७८</td><td>२०१६१९७२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>म.ले.प फारम - राजश्व असुल गर्दा रसिद अनुसार असुलि देखिने गरी तोकिएका म.ले.प.फा.हरु अनुसारको अभिलेख राखि वैंक दाखिला पश्चात गोश्वारा भौचर उठाई राजश्व असुल गर्नुपर्नेमा रसिदवाट सिधै वैङ्क दाखिला गरी वैंक स्टेटमेन्ट अनुसार आम्दानी जनाउने गरेको छ । कानूनमा भएको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>सेवा प्रवाह् र आम्दानी - उपमहानगरपालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर नगदी रसिदबाट संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरु प्रवाह गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश गर्न नसकेको कारण सेवा प्रवाह र संकलित राजश्व भिडान गर्न सकिएन । सेवा प्रवाहको विवरण तयार गर्ने परिपाटी तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>यन्त्र उपकरण सञ्चालन - पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन गर्दाको आय तथा व्यय खुल्ने निम्नानुसारको विवरण माग गरिएकोमा प्राप्त हुन सकेन । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ ।
<table>
<tr><th>क्र.सं.</th><th>सामानको विवरण</th><th>इन्धन लागत</th><th>जनशक्ति लागत</th><th>मर्मत लागत</th><th>आय</th><th>खर्च</th><th>वचत</th></tr>
<tr><td>१</td><td>जे.सि.बि.</td><td>नखुलेको</td><td>नखुलेको</td><td>नखुलेको</td><td>नखुलेको</td><td>नखुलेको</td><td>नखुलेको</td></tr>
<tr><td>२</td><td>टिप्पर ३</td><td>नखुलेको</td><td>नखुलेको</td><td>नखुलेको</td><td>नखुलेको</td><td>नखुलेको</td><td>नखुलेको</td></tr>
<tr><td>३</td><td>ट्र्याक्टर ३</td><td>नखुलेको</td><td>नखुलेको</td><td>नखुलेको</td><td>नखुलेको</td><td>नखुलेको</td><td>नखुलेको</td></tr>
<tr><td>४</td><td>बारुण यन्त्र</td><td>नखुलेको</td><td>नखुलेको</td><td>नखुलेको</td><td>नखुलेको</td><td>नखुलेको</td><td>नखुलेको</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>सहकारी संस्था नियमन</td><td></td></tr>
<tr><td>५७.१</td><td></td><td></td><td>सहकारी नियमन- सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र ७८ वटा सहकारी संस्था रहेकोमा हाल ४७ वटा संचालनमा रहेका छन् । नगरपालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी नगरपालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५७.२</td><td></td><td></td><td>बहाल कर - जीतपुरसिमरा उपमहानगरपालिको आर्थिक ऐन, २०७८ को दफा ४ अनुसुची ३ मा १० प्रतिशत बहाल कर सम्बन्धी व्यवस्था गरेको छ । उपमहानगरपालिकाले पेश गरेको सहकारी संस्थाहरुको अन्तिम लेखापरीक्षण प्रतिवेदन परीक्षण गर्दा ३ वटा सहकारीहरुले बहाल कर दाखिला गरेको</td><td>३०,१३४</td></tr>
</table>

नदेखिएकोले उक्त सहकारीहरुले बहाल कर दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

सहकारीको नाम	करको प्रकार	बहाल रकम	कर रकम	आर्थिक बर्ष
हातेमालो बचत तथा ऋण सहकारी संस्था लिमिटेड	बहाल कर	२११३४०	२११३४	२०७८।७९
घण्टिमाई बचत तथा ऋण सहकारी संस्था लिमिटेड	बहाल कर	५२८००	५२८०	२०७८।७९
जनज्योति बचत तथा ऋण सहकारी संस्था लिमिटेड	बहाल कर	३७२००	३७२०	२०७८।७९
जम्मा			**३०१३४**	**३०१३४**

५७.३ **व्यवसाय कर -** जीतपुरसिमरा उपमहानगरपालिका आर्थिक ऐन, २०७८ को दफा ५ अनुसुची ५ मा बचत तथा ऋण सहकारीलाई रु.२००० व्यवसाय कर सम्बन्धि व्यवस्था गरेको छ । उपमहानगरपालिकाले पेश गरेको ५ वटा सहकारी संस्थाको लेखापरीक्षण प्रतिवेदन र राजस्व दाखिला रसिद परीक्षण गर्दा ४ वटा सहकारिले आर्थिक बर्ष २०७८।७९ मा व्यवसाय कर दाखिला गरेको नदेखिएकोले व्यवसाय कर वापत लाग्ने कर रु.१०,००० सम्बन्धितबाट असुल गर्नुपर्ने रु. १०,०००

सहकारीको नाम	करको प्रकार	आर्थिक बर्ष	असुल गर्नुपर्ने रकम
हातेमालो बचत तथा ऋण सहकारी संस्था लिमिटेड	व्यवसाय कर	२०७८।७९	२०००
घण्टिमाई बचत तथा ऋण सहकारी संस्था लिमिटेड	व्यवसाय कर	२०७८।७९	२०००
जनकल्याण बचत तथा ऋण सहकारी संस्था लिमिटेड	व्यवसाय कर	२०७८।७९	२०००
उद्यमशिल बचत तथा ऋण सहकारी संस्था लिमिटेड	व्यवसाय कर	२०७८।७९	२०००
जनज्योति बचत तथा ऋण सहकारी संस्था लिमिटेड	व्यवसाय कर	२०७८।७९	२०००
जम्मा			**१०,०००**

५७.४ **सम्पत्ती कर -** जीतपुरसिमरा उपमहानगरपालिका आर्थिक ऐन, २०७८ को दफा २ अनुसुची १ मा सम्पत्ती कर सम्बन्धी व्यवस्था गरिएको छ । उपमहानगरपालिकाले पेश गरेको सहकारीहरुको अन्तिम लेखापरीक्षण प्रतिवेदन परीक्षण गर्दा निम्न ३ सहकारीहरुले सम्पत्ती कर दाखिला गरेको देखिएन । अतः ती सहकारीहरुबाट सम्पत्ती कर असुल गरी दाखिला गर्नुपर्ने रु. ८१६,६३६

सहकारीको नाम	करको प्रकार	कुल रकम	कर रकम
हातेमालो बचत तथा ऋण सहकारी संस्था लिमिटेड	सम्पती कर	१५२६५६७४	३८१४६२
घण्टिमाई बचत तथा ऋण सहकारी संस्था लिमिटेड	सम्पती कर	११८०७०६४	२९५१७७
जनकल्याण बचत तथा ऋण सहकारी संस्था लिमिटेड	सम्पती कर	६९९९८६५	१३९९९७
जम्मा			**८१६६३६**

<table>
<tr><td>५८</td><td></td><td></td><td>नगद मौज्दात - उपमहानगरपालिकाले पेश गरेको आ.ब.२०७८।७९ को मिति २०७९।३।३१ सम्मको बैक हिसाव विवरण अनुसार जम्मा संकलित राजस्व मध्ये रु.९,६०,९८९ बैंक दाखिला नगरी नगद मौज्दात कर्मचारीसँगै रहेको देखिएकोले उक्त मौज्दात राख्ने कर्मचारीबाट ढिला दाखिला भएको अवधीको प्रचलित कानून बमोजिम ब्याज समेत गणना गरी असुल गर्नुपर्ने रु</td><td>९६०,९८९</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>नविकरण शुल्क - जीतपुरसिमरा उपमहानगरपालिका आर्थिक ऐन, २०७८ को दफा ५ अनुसुची ४ मा संस्था नविकरण सम्बन्धी व्यवस्था गरेको छ। उपमहानगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार आर्थिक बर्ष २०७८।७९ मा रेडियो आकाशवाणी ९३.१ मे.ह ले संस्था नविकरण नगरी संचालन गरेकोले उक्त संस्थाबाट रेडियो प्रसारण नविकरण वापत रु. २५०० असुल गर्नुपर्ने देखिन्छ। त्यस्तै पालिकाको कार्य क्षेत्रमा रहि सञ्चालनमा रहेका अन्य एफ.एम. अनलाइन सञ्चारमाध्यमहरुको पनि अनुगमन गरी दर्ता तथा नविकरण भए नभएको एकिन गर्ने र दर्ता तथा नविकरण नभई सञ्चालनमा रहेको पाइएमा कानून बमोजिम लाग्ने शुल्क असुल गरिनुपर्दछ।</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>संस्थागत विद्यालय - संस्थागत विद्यालयको व्यवसाय करः जीतपुरसिमरा उपमहानगरपालिका आर्थिक ऐन, २०७८ को दफा ५ अनुसुची ५ मा निजी शैक्षिक संस्थाहरुको व्ययसाय कर सम्बन्धी व्यवस्था गरिएको छ। पालिकाबाट प्राप्त विवरण अनुसार उपमहानगरपालिका क्षेत्राधिकार भित्र कुल ५० संस्थागत विद्यालय रहेकोमा उक्त ऐन बमोजिम तिर्नुपर्ने व्यवसाय कर तिरेको नदेखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>तह</th><th>विद्यालयको संख्या</th><th>व्यवसाय करको दर</th><th>जम्मा रकम</th></tr>
<tr><td>माद्यमिक स्तर</td><td>२५</td><td>६०००</td><td>१५००००</td></tr>
<tr><td>निम्न माध्यमिक स्तर</td><td>२५</td><td>४०००</td><td>१०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२५००००</td></tr>
</table></td><td>२५०,०००</td></tr>
<tr><td>६१</td><td></td><td></td><td>सम्पत्ती कर</td><td></td></tr>
<tr><td>६१.१</td><td></td><td></td><td>उपमहानगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा २ अनुसुची १ मा निश्चित दरमा सम्पत्ती कर संकलन गर्ने व्यवस्था गरिएको छ। पालिकाबाट प्राप्त विवरण अनुसार निम्न व्यक्ति, फर्म, कम्पनी, उद्योग, तथा करकारखानाले आर्थिक बर्ष २०७८/७९ सम्म सम्पत्ती कर वापत पालिकालाई रु. ५,४४,१६,८२८.७२ तिर्नुपर्ने बाँकी देखिन्छ। तसर्थ सम्बन्धीतबाट प्रचलित कानुन बमोजिम लाग्ने ब्याज समेत गणना गरी असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>नाम</th><th>वडा नं</th><th>हाल सम्मको बक्यौता सम्पति कर बाँकी</th></tr>
<tr><td>1.</td><td>नेपाल स्टोन्कस कम्पनी प्रा.लि.</td><td>८</td><td>४२६०७.६८</td></tr>
<tr><td>2.</td><td>अशोक कुमार बैध</td><td>३</td><td>७४०४.६</td></tr>
<tr><td>3.</td><td>भवती स्टील प्रा.लि</td><td>९</td><td>३२५६८२.५</td></tr>
<tr><td>4.</td><td>श्री नन्दन घ्यु एण्ड अयल इन्ड्रष्टिज प्रा.लि. क चरण</td><td>३</td><td>३१३३०.५६</td></tr>
<tr><td>5.</td><td>भवती स्टील प्रा.लि</td><td>३</td><td>५२८३१३.६६</td></tr>
<tr><td>6.</td><td>नारायणी स्पात प्रा.लि.</td><td>९</td><td>१३६८२५४.७५</td></tr>
</table></td><td>५४,४१६,८२८.७२</td></tr>
</table>

7.	नेपाल सालिमार मेटल प्रा.लि.	१०	५१०५१.६
8.	आर.एम.सि. सिमेन्ट प्रा.लि. र श्रवण कुमार अग्रवाल	३	५८०४७७.४१
9.	अशोक कुमार बैध	७	९२९.६१
10.	विश्वनाथ साह	७	१२७३११.२९
11.	सालिमार स्टील प्रा.लि.	२३	३४७७६३.७
12.	नारायणी रोलिग मिल्स प्रा.लि.	९	४३७४२३.६
13.	कृष्ण स्टील प्रा.लि.	९	२२१६२४.११
14.	विनायक एग्रो प्रा.लि.	९	९६८४१.६
15.	जय अम्वे अक्सिजन ग्यास इ प्रा.लि.	११	९८८७.३७
16.	सुप्रिम रवर इनडष्ट्रिज प्रा.लि.	७	६४३८७.९
17.	विश्वनाथ साह	७	४३५६४.९९
18.	सालिमार एग्रो प्रा.लि.	१०	१११५४७.९६
19.	राजेश मेटल क्राफ्ट	७	१२९२४५२.३२
20.	नेपाल शालिमार सिमेन्ट प्रा.लि.	३	६३४८०९.
21.	युनिटेक सिमेन्ट प्रा.लि.	३	४३००४२.७९
22.	एम्याक्स सिमेन्ट	२	२८५.
23.	नेशनल हेल्थ केयर प्रा.लि.	९	२८१२७१९.५
24.	इस्टर्न प्लाष्टिक प्रा.लि.	९	४३०८६८.३९
25.	एम.वि. पेट्रोल्युव इ प्रा.लि.	९	७७७३७.२५
26.	स्टार सिमेन्ट इन्डष्ट्रिज प्रा.लि.	८	२३३१९४.१८
27.	साना किसान शिक्षा सदन	१४	९५२७.६३
28.	क्वेष्ट फर्मास्युटिकल प्रा.लि.	३	१४६९६१८.६२
29.	नेपाल वायर एण्ड केवल प्रा.लि.	२	६५६१६९.८७

			30.	पुजा सोप एण्ड हाउस होल्ड प्रो प्रा.लि. खा चरण	३	४७७७२५.२३	
			31.	नेपाल बोडोस लिमिटेड (जगदम्वाको नाममा नामसारी भएको)	३	६०७९०३.५५	
			32.	श्रीपदी ट्रेडिङ्ग प्रा.लि.	३	७७२८७.९३	
			33.	के.आई. वायर प्रा.लि.	७	३२३७४५.७२	
			34.	घण्टीमाइ बचत तथा ऋण सहकारी संस्था लिमिटेड	४	८७५५.५८	
			35.	हामा आयरन एण्ड स्टील प्रा.लि. इन्डष्ट्रिज प्रा.लि.	२	१२८२.५	
			36.	जगदम्वा स्टील प्रा.लि.	२	१३१०३८२५.४	
			37	गोदावरी आयल एण्ड लुव्रिकेन्स प्रा.लि.	९	२९१४८.९८	
			38	राज कुमार बैध	१०	१२५१४०९.७२	
			39	हनुमान मेटल प्रा.लि.	९	४१३२.५	
			40.	सुपर लेमिकोटस प्रा.लि.	९	१०१३२१.५७	
			41.	बरुण उद्योग प्रा.लि.	९	४१३२.५	
			42.	त्रिवेणी सिन्थेटकयार्न इन्डष्ट्रिज प्रा.लि.	१०	२१९८८२.८५	
			43.	त्रिवेणी टेक्सट्रायल इन्डष्ट्रिज प्रा.लि.	१०	१८४०२६८.०८	
			44.	विश्वनाथ साह	७	८१०४.७६	
			45.	हिमायलन फुडर्स इन्टरनेशनल	२३	३७२७४७.२६	
			46.	सुजुकी टेक्सटायल प्रा.लि.	९	१३८०५३.३१	
			47.	साख स्टील इन्डष्ट्रिज प्रा.लि.	३	१०८९३१६.०२	
			48.	साख स्टील इन्डष्ट्रिज प्रा.लि.	३	२४६२१०.९५	
			49.	साना किसान कृषि सहकारी संस्था लिमिटेड	१६	२७९७३.१	
			50.	सुनिल कुमार रुगटा	२३	७४०६८.४४	
			51.	अरनिको सिमेन्ट इन्डष्ट्रिज प्रा.लि.	५	६२२७२४.१६	
			52	अशोक स्टील इ प्रा.लि.	५	१८८८६१९.३	

53.	रोयल इभेन्ट म्यानेजमेन्ट भेनु प्रो मदन विक्रम राणा पार्थ विक्रम राणा शिव राणा समेत	२	१४२३४४.०१
54.	रुकमिनी इन्डस्ट्रिज प्रा.लि.	२३	१३८७२४.७६
55.	साना किसान शिक्षा सदन	१४	९५२७.६३
56.	रिलायन्स सुपरटेक सिमेन्ट प्रा.लि.	८	३५७७४८.३
57.	विरेन्द्र कुमार साह विनय कुमार साह मारवाडी	२३	१७७१८७.३
58.	शिव कुमार अग्रवाल	८	४३३२५.७८
59.	आदर्श पोलि प्लाष्टिक प्रा.लि.	२३	३३९९९८६.६३
60.	एम.पि. इन्टरप्राइजेज एण्ड सेटलमेन्ट प्रा.लि.	२	८३२९.५१
61.	श्रवण करमार अग्रवाल	२३	१२६६३.१४
62.	इच्छा वहादुर वाग्ले	३	२९५५१.९४
63.	होटल इच्छा प्रा.लि.	३	४३२४८३.३८
64.	गणपति बनस्ती प्रा.लि.३	३	५१४४९८.५४
65.	होटल इच्छा प्रा.लि.	३	६१८२७.७८
66.	डावर नेपाल प्रा.लि.	२३	२५४३.१
67	गढिमाई आर.एम.सि. प्रा.लि.	८	१९७८७.१
68.	डावर नेपाल प्रा.लि.	२३	१३४२८४५.०५
69	समर फर्मा कम्पनी प्रा.लि.	९	२८५७६१.१५
70.	शिवशक्ति आयल एण्ड पयाट्स	७	१२०९२५८.५
71.	शिवशक्ति घिउ	७	९१६७३४०.७१
72.	शिवशक्ति एग्रो	७	२०९८६२५.५६
जम्मा			**५,४४,१६,८२८.७२**

६१.२			**सम्मती कर-** जीतपुरसिमरा उपमहानगरपालिका आर्थिक ऐन, २०७८ को दफा २ अनुसुची १ अनुसार सम्पती कर लगाउने व्यवस्था छ । उपमहानगरपालिकाबाट प्राप्त विवरण अनुसार सूर्य नेपाल प्रा.लि. को आर्थिक बर्ष २०७८।७९ सम्म ३९१९५७४.५ असुल गर्न बाँकी देखाएकोमा प्राप्त घरजग्गा नक्सापास विवरण परीक्षण गर्दा आर्थिक बर्ष २०७८।७९ मा १२५०९२८७ असुल गर्न बाँकी देखिएको छ । कम कर असुल गरेको	१२,५०९,२८७

देखिएको सम्बन्धमा उपमहानगरपालिकाले एकिन गरी असुल गर्नुपर्ने रु.

दर्ता प्रमाण पत्र	व्यक्ति, फर्म वा कम्पनीको नाम	क्षेत्रफल (square feet)	कुल सम्पती	ह्रास कट्टी (आर्थिक ऐनमा व्यवस्था गरे बमोजिम)	खुद सम्पती	जम्मा सम्पती कर(आर्थिक ऐनमा व्यवस्था गरे बमोजिम)	आ.ब.२०७८।७९ मा सम्पती कर असुल	असुल गर्न बाँकी
१४९२।२०७३।१०।१२	सुर्य नेपाल प्रा.लि.	२६०३७२	४६८६६९६००	१५१२९२६०२	३१७३७६९९८	९५२१३१०	१४१७५४९	१२५०९२८७
१४७२।२०७६।१०।१२	सुर्य नेपाल प्रा.लि.	५३०६२.८५	११६७३८२७०	१६९५४०८९	९९८८४१८२	३९९५३६७		
२४००।२०७६।५।२५	सुर्य नेपाल प्रा.लि.	८७१५.९२	१९१७५०२४	२७६८३९४	१६४०६६३०	४१०१६६		
जम्मा								**१२५०९२८७**

६२			**पशु हाट बजार तथा जडिबुटी, कवाडी, जीवजन्तु तथा फोहोर व्यवस्थापन कर**	
६२.१			**रसिद नियन्त्रण खाता -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ५१ मा ऐन वमोजिम राख्नुपर्ने प्रत्येक कारोवारको लेखा राख्नुपर्ने र आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ मा कार्यालयको कामलाई व्यवस्थित एवं मितव्ययी गर्न आन्तरिक नियन्त्रण व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। सो अनुसार नगद आम्दानी गर्ने कार्यालयले राजश्व असुल गर्न प्रयोग हुने नगदी रसिदको छपाई गरी रसिद नियन्त्रण खाता प्रविष्टि गरी सो बाट वुझेर लगेको अभिलेख राखि रसिद नियन्त्रणलाई व्यवस्थित गर्नु पर्दछ। उपमहानगरपालिकाले सो अनुसार व्यवस्थित तरिकाले रसिद नियन्त्रण खाता राखेको पाइएन। उपमहानगरपालिकाले पेश गरेको विवरण अनुसार जडिबुटी कवाडी जीवजन्तु कर संकलनका लागि २०७८ असार मसान्तमा ६० थान नगदी रसिद मौज्दामा रहेकोमा ५ जना संकलनकर्ताले ९९ वटा नगदी रसिद ठेली प्रयोग भई १२ थान ठेली मौज्दातमा रहेको विवरण पेश भएको छ। पशु हाट बजारबाट राजस्व संकलन गर्न पशु हाट बजार शुल्क रसिद ३२ थान २ जना संकलनकर्ताले प्रयोग गरी ४ थान मौज्दातमा रहेको विवरण पेश गरेको छ। यसरी प्रयोग भएको रसिद ठेली सम्बन्धी विवरण पेश गरेको भएतापनि आर्थिक बर्षको शुरुमा गतको मौज्दात बाँकी रहेको ठेली संख्या, यो बर्ष छपाई भएको ठेली संख्या समेत खुल्ने गरी रसिद नियन्त्रण खाता नराखेको कारण बास्तवमा के कति रसिद प्रयोग भयो भनी लेखापरीक्षणको क्रममा एकिन गर्न सकिएन। तसर्थ बास्तवमा प्रयोग भएका रसिद र सो अनुसार राजस्व पालिकाको आय खातामा समयमै दाखिला भए नभएको एकिन गरिनुपर्दछ।	
६२.२			**शुल्क निर्धारण -** उपमहानगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा १० अनुसुची १० अनुसार शुल्क निर्धारण गरी अमानतबाट पशु हाट बजारको राजस्व संकलन गरिएको छ। २ जना संकलन कर्ताबाट आर्थिक बर्ष २०७८।७९ मा पशु हाट बजारबाट रु १०,८६,९८७.९२ संकलन भएको छ। आयको मुख्य स्रोत रहेको पशु हाट बजार ठेक्का लगाई राजस्व संकलन गर्ने तर्फ उपमहानगरपालिकाले ध्यान दिनुपर्ने देखिन्छ।	

<table>
<tr><td>६२.३</td><td></td><td></td><td>जडिबुटी, कवाडी, जीवजन्तु कर - उपमहानगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा ६ अनुसुची ६ अनुसार शुल्क निर्धारण गरी अमानतबाट जडिबुटी, कवाडी, जीवजन्तु कर राजस्व संकलन गरिएको छ । ५ जना संकलन कर्ताबाट आर्थिक बर्ष २०७८।७९ मा जडिबुटी, कवाडी, जीवजन्तु कर बाट रु.१,६२,३८,७६० संकलन विवरण प्राप्त भएको छ । आयको मुख्य स्रोत रहेको जडिबुटी, कवाडी, जीवजन्तु करलाई ठेक्का लगाई राजस्व संकलन गर्ने तर्फ उपमहानगरपालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६२.४</td><td></td><td></td><td>सरसफाई शुल्क - उपमहानगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा १२ अनुसुची १२ मा सेवा शुल्क दस्तुरको दर सम्बन्धी व्यवस्था छ । पालिकाको व्यवसाय दर्ता सुची अनुसार घर संख्या र ४६० व्यवासयीहरुबाट प्रति महिना सरसफाई शुल्क वापत आ.ब.२०७८।७९ मा रु.२,५३,२९,६०० संकलन गर्नुपर्ने देखिन्छ । उपमहानगरपालिकाले आर्थिक ऐन,२०७८ मा सरसफाई शुल्कको व्यवस्था गरेतापनि सो अनुसारको शुल्क संकलन गरी राजस्व आम्दानी गरेको देखिएन । उपमहानगरपालिका र ग्रिन एण्ड क्लिन सिटी सर्भिस प्रा.लि. बिच आर्थिक बर्ष २०७६।७७ देखि लागत साझेदारीमा सम्झौता भई फोहोर व्यवस्थापन कार्य हुदै आएको देखिन्छ । यसरी आर्थिक ऐनमा व्यवस्था भएको सरसफाई शुल्कलाई व्यवस्थित नगर्दा पालिकालाई लागत भार मात्र पर्न गएको छ भने लाभमा साझेदारी भएको देखिदैन । यस सम्बन्धमा उपमहानगरपालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।
<table>
<tr><th>क्र.स.</th><th>व्यवसायको प्रकार</th><th>व्यवसाय स्ख्या</th><th>मासिक दर</th><th>१२ महिनाको जम्मा असुल गर्न बाँकी रकम</th></tr>
<tr><td>१</td><td>तारे होटल</td><td>१</td><td>५०००</td><td>६००००</td></tr>
<tr><td>२</td><td>लज सहितको होटल</td><td>८</td><td>१०००</td><td>९६०००</td></tr>
<tr><td>३</td><td>सामान्य होटल</td><td>४८</td><td>५००</td><td>२८८०००</td></tr>
<tr><td>४</td><td>पसल तथा संघसंस्था</td><td>३९८</td><td>२००</td><td>९४८०००</td></tr>
<tr><td>५</td><td>उद्योग/अस्पताल</td><td>५</td><td>२०००</td><td>१२००००</td></tr>
<tr><td>६</td><td>घर</td><td>१९८४८</td><td>१००</td><td>२३८१७६००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२५३२९६००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६२.५</td><td></td><td></td><td>राजस्व बाँडफाँड - प्रदेश आर्थिक ऐन २०७८ को दफा ६ (४) मा पालिकाले संकलन गरेको दहत्तर बहत्तर शुल्कको ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जम्मा दाखिला गर्नुपर्ने र दफा ९(२) मा विज्ञापन करको पनि ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष दहत्तर बहत्तर शुल्क बापत रु ४,३२,९०,००० र विज्ञापन कर बापत रु ११,००,००० संकलन गरेकोमा सो को ४० प्रतिशतले हुन आउने क्रमशः रु १,७३,१६,००० र रु ४,४०,००० गरी कुल रु १,७७,५६,००० प्रदेश सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले दाखिला गर्नुपर्ने रु</td><td>१७,७५६,०००</td></tr>
<tr><td>६३</td><td></td><td></td><td>हाटबजार ठेक्का - हाटबजार ठेक्कामा मूल्य अभिवृद्धि करः पालिकाले जितपुर गुदरी हाट बजार ठेक्काको लागि १० प्रतिशत छुटमा एस.के.गुप्ता कन्स्ट्रक्सन एण्ड सप्लायर्ससँग रु ४९०५०० मा र सिमरा हाटबजारको लागि सम्राट निर्माण सेवासँग १० प्रतिशत छुटमा रु १०४८५० मा सम्झौता गरेकोमा उक्त रकममा प्राप्त हुनुपर्ने मूल्य अभिवृद्धि कर क्रमशः रु ६३७६५ र रु १३६३० गरी कुल रु ७७,३९५ प्राप्त गरी सम्बन्धित राजस्व खातामा</td><td>७७,३१५</td></tr>
</table>

			दाखिला भएको नदेखिएकोले सम्बन्धीतबाट असुल गर्नुपर्ने रु	
६४			**विज्ञापन ठेक्का**	
६४.१			**विज्ञापन कर -** पालिकाले साइन हब प्रा.लि. विराटनगरसँग विज्ञापन करको लागि तिन बर्षको लागि ठेक्का सम्झौता गरेकोमा यो आर्थिक बर्षमा प्राप्त हुनुपर्ने रु ११,००,००० मा लाग्ने मूल्य अभिवृद्धि कर रु १,४३,००० दाखिला गरेको पाइएन । उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु	१४३,०००
६४.२			**धरौटी जफत -** विज्ञापन करको ठेक्कामा सबैभन्दा बढी कबोल गर्ने रितिस मिडिया प्रा.लि. ललितपुरको कबोल अंक रु १७,०७,४९२ र दोस्रो बढी कबोल गर्ने परिचित एड्भरटाइजिङ्ग प्रा.लि. काठमाडैको कबोल अंक रु १३,०५,१५० रहेको भएतापनि पालिकाले तेस्रो बढी कबोल गर्ने साइन हब प्रा.लि.सँग सम्झौता गरेको पाइयो । पहिलो र दोस्रो बढी कबोल गर्ने उक्त प्रस्तावदाताहरु सम्झौता गर्न नआएको पालिकाले जनाएको छ । ठेक्का प्राप्त गरेर सम्झौता गर्न नआउने उक्त दुवै पार्टीको धरौटी रकम क्रमशः रु ८६,००० र रु ६६,००० गरी कुल रु १,५२,००० जफत गरी कालो सुचिमा राख्ने कार्वाही अगाडी बढाउनुपर्नेमा पालिकाले धरौटी जफत गरेको भएतापनि कालो सूचिमा राख्ने कार्बाही अगाडी बढाएको पाइएन । कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।	
६५			**नदिजन्य पदार्थको ठेक्का -** पालिकाले आर्थिक बर्ष २०७८।०७९ को लागि पसाहा खोला दुधौरा खोला र बालगंगा खोलामा नदिजन्य पदार्थ गिट्टि ढुंगा बालुवाको उत्खनन तथा बिक्रीको लागि न्यूनतम प्रति घन फिट रु ६ को दरले बोलपत्र आव्हान गरी सन्देश सप्लायर्स बारालाई ठेक्का मार्फत दिएकोमा उक्त सप्लायर्सले कबोल गरेको अंक रु ४,८१,००,००० मा पालिकाले एकमुष्ठ दाखिला गरेको भनी १० प्रतिशत छुट दिदा रु ४,३२,९०,००० प्राप्त गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छनः	
६५.१			**परिमाणको सिमा -** उक्त तिनवटै नदिबाट नदिजन्य पदार्थ उत्खननको लागि किरु इन्जिनिरिङ्ग कन्सल्टेन्ट प्रा.लि ले प्रारम्भिक वातावरणिय परिक्षण गरि दिएको प्रतिवेदनमा आ.ब. २०७८।०७९ को लागि कुल १,७८,३९७ घन मिटर अर्थात ६२,९९,१९८ घन फिट नदिजन्य पदार्थ उत्खनन गर्न सकिने परिमाण तोकेको भएतापनि पालिकाले ६,९२,१८२ घन फिट बढी परिमाण हुने गरी कुल ६९,९१,३८० घन फिटको लागि ठेक्का लगाएको पाइयो । उत्खननको परिमाण तोक्दा वातावरणिय परिक्षण प्रतिवेदनको सिमा भित्रै रहि तोकिनुपर्दछ ।	
६५.२			**न्यूनतम रकम निर्धारणको आधार -** पालिकाले निम्नानुसारको ठेक्काको लागि न्यूनतम रकम तोकेकोमा त्यसरी न्यूनतम रकम निर्धारणको आधार लेखापरीक्षणको क्रममा पेश हुन सकेन । न्यूनतम अंक समयसापेक्ष र सूचकको आधारमा हुनुपर्दछ ।	

ठेक्काको नाम	न्यूनतम अंक	कैफियत
सडक उपयोग शुल्क	२००००००	बार्षिक
विज्ञापन कर	६०००००	३ बर्षे
पाडा भैसी बजार	१५००००००	बार्षिक
कबाडी कर	३०००००००	बार्षिक
सिमरा तरकारी बजार	११००००	बार्षिक
इनर्बासिमरा हाटबजार	३००००	बार्षिक

			फत्तेपुर हाट बजार | २०००० | बार्षिक डुमरवाना हाट बजार | २०००० | बार्षिक गुदरी हाट बजार | १५०००००० | बार्षिक	
६५.३			**उत्खनन परिमाण -** उक्त तिनवटै नदिहरुमा ठेक्का अवधिभर के कति परिमाणमा गिट्टि ढुंगा बालुवा उत्खनन भयो भनी पालिकाले मापन गरेको पाइएन । यसबाट ठेक्का लगाउँदाको परिमाण अनुरुप नै उत्खनन भयो भनी आश्वस्त हुन सकिएन । परिमाण उत्खननको मापन नगर्ने कमजोरीमा सुधार हुनुपर्दछ ।	
६५.५			**मूल्य अभिवृद्धि कर -** मुल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १५(३) मा आय ठेक्कामा मुल्य अभिवृद्धि कर लाग्ने व्यवस्था छ । सो अनुरुप पालिकाले सन्देश सप्लायर्स बाराबाट छुट पछिको रकम रु ४,३२,९०,००० को १३ प्रतिशत रु ५६,२७,७०० असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्नेमा रु १८,७५,९०० मात्र दाखिला गरेको देखिएकोले नपुग रकम रु ३७,५१,८०० असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु	३,७५१,८००
६६			**शटर ठेक्काः**	
६६.१			पालिका अन्तर्गत रहेको मिना बजार को शटर संख्या ३३ वटा र गुदरी बजार अन्तर्गतको शटर संख्या १०१ वटा गरी कुल १३४ वटा शटरमा यो बर्ष कुनै ठेक्का लागेको पाइएन । उक्त बजारहरुको शटरहरुबाट प्राप्त हुनुपर्ने बक्यौता क्रमशः रु ३८,३२,३८० र रु १,१२,३०,५६० रहेको देखिन्छ । पालिकाले ठेक्का नलगाउँदा आन्तरिक आयको ठूलो अंश गुमेको देखिन्छ । यसरी पालिकाको आय स्रोत परिचालनमा कमजोरी गर्नेलाई कानून बमोजिम जिम्मेवार बनाउनुपर्दछ ।	
६६.२			पालिकाले सिमरा स्थित २० वटा र अमलेखगञ्ज स्थित १० वटा सार्वजनिक सटरहरुको लागि मिति २०७८।१०।२४ मा १५ दिने र २०७८।१२।१६ मा ७ दिने सार्वजनिक सूचना प्रकाशन गरी बोलपत्र आव्हान गरेकोमा बोलपत्रहरु पेश हुन आएको भएतापनि तत्पश्चात कारवाही अगाडी नबढाइ उक्त बोलपत्रहरुको धरौटी मिति २०७९।८।२० मा फिर्ता गर्ने गरी कार्यपालिकाले निर्णय गरेको देखिन्छ । उक्त सटरहरुको ठेक्का प्रक्रिया बिचमै असरल्ल छोडिएको कारण नगरपालिकाले प्राप्त गर्नुपर्ने आय गुमाएको देखिन्छ । यसमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ ।	
६७			**स्रेस्तमा समावेश नभएको -** उपमहानगरपालिकाले यो बर्ष प्राप्त गरेको आन्तरिक आय गोश्वारा भौचर (राजस्व) उठाई स्रेस्तामा आम्दानी जनाउनुपर्नेमा संकलित आन्तरिक आय मध्ये रु १५,९२,४९२ आन्तरिक आयमा अभिलेखाङ्कन गरेको नपाइएकोले उक्त रकम बराबर कार्यालयले आम्दानी बाँध्नुपर्ने देखिएको रु	१,५९२,४९२.३
६९			**सम्परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फर्स्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) बमोजिम बेरुजू फस्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा बाँकी बेरुजुमध्ये डोर समक्ष विभिन्न आर्थिक बर्षको रु १७,९५,०८,०४६ बेरुजु फर्स्यौट गरी सम्परीक्षणको लागि अनुरोध गरेकोमा रु. ११,४८,३२,००२ वेरुजु सम्परीक्षण गरिएको र रु ६,४६,७६,०४४ सम्परीक्षण हुन नसकेको व्यहोरf अनुरोध छ ।	